# अध्याय १

## परिचय

### १.१. अध्ययनको पृष्ठभूमी

समाजको निर्माण महिला र पुरुषको उपस्थितिबाट भएको हुन्छ । महिला पुरुषकै सम्बन्धबाट परिवार, समाज र राज्य हुँदै विश्व व्यावस्था कायम भएको हन्छ । नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक भएको देश हो । नेपालमा महिलाहरूको कुल संख्या १,३६,४५,४६३ अर्थात् ५१.५०% रहेको छ । (के.त.वि,२०६८)

नेपाली समाजको संरचनामा पुरुषहरूको हैसियत उच्च रहेको पाइन्छ । कुल जनसंख्याको ५१.५% हिस्सा ओगटेका महिलाहरू घर परिवार देखि सामाजिक क्षेत्र सम्म नै कमजोर अवस्थामा देखिन्छन राज्यका हरेक निकायमा हेर्दा उनीहरूको न्यून मात्रामा सहभागिता देखिन्छ ।

निजामती सेवामा महिलाको सहभागिता हेर्ने हो भने अत्यन्त कमजोर देखिन्छ । प्रहरीमा पनि कमजोर उपस्थिति रहेको महिलाको संख्या नेपाली सेनामा त झन नाजुक नै मान्नु पर्छ । हाल आएर समावेशी, समानुपातिक आधारमा महिला सहभागिता र आरक्षणको प्रक्रिया अगाडि बढेकोले सुधारोन्मुख हुँदै गएको पाइन्छ । राज्यका हरेक निकायमा कम्तिमा ३३% सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरेपनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन ।

अहिले पनि नेपाली समाजमा हेर्ने हो भने अझैपनि छोरी दायित्व हो । ऊ विवाह पश्चात् अरुको घरमा जान्छे भन्ने मान्यता कायम रहेको छ । त्यसैले छोरीको पठन-पाठनमा छोराको जति महत्व दिनुहुँदैन भन्ने सोंच अझै पनि उत्तिकै छ । २०६८ को जनगणना अनुसार नेपालको साक्षरता दर ६५.९% रहेकोमा पुरुषको ७५.१% र महिलाको २४.९% मात्र छ । (शर्मा,२०७०/७१)

जब सम्म छोरा छोरी दुबै बराबरी हुन भन्ने मानसिकताको विकास हुँदैन तबसम्म महिलाहरूको स्थिति सामाजिक, साँस्कृतिक, आर्थिक र शैक्षिक क्षेत्रमा पछाडि परिरहने निश्चित छ । विश्वको इतिहासलाई हेर्ने हो भने पनि संसारका धेरै मुलुकहरूमा पुरुषको तुलनामा महिलाहरू हरेक क्षेत्रमा पछाडि परेका छन् । विश्वका केही विकशित राष्ट्रहरू

अमेरिका, बेलायत, फ्रान्स जस्ता देशहरूमा लैङ्गिक विभेद कम देखिने हुनाले त्यहाँका महिलाहरू केही मात्रामा भएपनि पुरुष सरह स्वतन्त्र देखिन्छन् । यिनीहरू एक आपसमा सहयोगी हुन्छन् । साथै महिलाहरूको सामाजिक, साँस्कृतिक, आर्थिक र शैक्षिक लगायतका विभिन्न चरणमा उनीहरूले महिलाका विभिन्न सवालमा आवाज उठाउँदै आएका थिए । यसले गर्दा हाल आएर उनीहरूमा तेस्रो विश्वका राष्ट्रहरूमा रहने महिलाहरूको तुलनामा कम विभेद रहेको पाइन्छ । दक्षिण एशियाली मुलुकका अधिकांश महिलाहरू घरायसी र कृषि कार्यमा मात्र सिमित रहेका छन् जसमा ६०% देखि ७०% महिलाहरूले कृषिमा समय बिताउने गर्दछन् ।

हिन्दु धर्ममा महिलालाई देवि वा शक्तिको प्रतिकको रुपमा लिइएको छ । यसैगरी विद्या, शक्ति र कोमलताका रुपमा पनि महिलालाई हेरिएको छ । जहाँ नारीको पूजा हुन्छ, त्यहाँ ईश्वर खुशी हुन्छन् भन्ने उल्लेख पनि हिन्दु धर्मग्रन्थमा भएको छ । यस्ता व्यक्त गरिएका व्याख्याले हिन्दु धर्मले महिलालाई आदर गर्न खोजेको देखिन्छ । यसमा महिलालाई महत्वपूर्ण व्यक्तिका रुपमा लिइएको छ की सृष्टिको परिपालकका रुपमा महिलालाई अत्यन्तै उच्च मुल्याङ्कन गरिएको पाईन्छ । अर्कातिर हिन्दु धर्म र दर्शनमा महिलाको स्वतन्त्र अस्तित्व रहन नसक्ने वयाख्या पनि यसै धर्ममा उल्लेख गरिएको छ । हिन्दु धर्मकै व्याख्याका रुपमा रहेको मनुस्मिृतीमा भनिएको छ की 'महिलाहरू केटाकेटी रहँदा उसको बाबुको नियन्त्रणमा रहन्छन् भने युवा अवस्थामा उसको लोग्नेको अधिनमा रहन्छन् । यसैगरी वृद्धा अवस्थामा उनीहरू आफ्ना छोराहरूमाथि निर्भर रहन्छन् ।' यसरी महिलाहरू जन्मैदेखि पुरुषको अधिनमा रहने गरेको उल्लेख भएबाट हिन्दु दर्शनमा महिलाको स्वतन्त्र अस्तित्व देखिंदैन । (आचार्य, २०७१)

विभिन्न धार्मिक उक्तिबाट पनि महिलाको अबस्थाबारे प्रष्ट हुन्छ । नेपाल भारत जस्ता हिन्दुबाहुल्यता भएका राष्ट्रहरूको परिप्रेक्ष्यमा उल्लेख गर्नुपर्दा शहरी समाजको तुलनामा ग्रामीण समाजको स्थिति अति नै दयनीय देखिन्छ । छोरो जन्मिए पछि उसको खुशीयालीमा छैंटी मनाइन्छ भने छोरी जन्मिए पछि शोक मान्ने र छोरी जन्माई भनेर श्रीमतीलाई कुटपिट गरेका घटनाहरू छन् । महिलाहरूलाई पुरुषको सहपाठी संगिनीको दृष्टिले हेर्नुको सट्टा दासीको रुपमा हेर्ने चलन छ । महिलाहरूले छोरीको जन्म हारेको कर्म भएको र फेरी पनि जन्मन परे पुरुष भै जन्मन भन्ने भनाई बाट नै महिलाहरूको अवस्था प्रष्ट हुन्छ । यस्तो विश्वाश हुनमा पुरुष प्रधान हिन्दु समाजको प्रभाव नै हो भन्न सकिन्छ ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३(३) मा महिला वर्गको संरक्षण, शसक्तिकरण र विकासका लागि कानूनद्धारा विरोध व्याख्या गर्न सकिने भन्ने छ त्यस्तै धारा १३(४) मा समान कामका लागि महिला र पुरुष बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने, भम्मे र महिला भएकै कारण कुनै पनि किसिमका भेदभाव नगरिने । प्रजनन् स्वास्थ्यको हकमा हिंसाजन्य कार्य विरुद्ध कानूनी उपचार पैतृक सम्पत्तिमा छोरीलाई समान हक अधिकार दिने कुराहरू संविधानमा लेखिएका भए पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । महिलाहरूलाई विभेदकारी व्यवहार नगर्ने वारेमा कानून लागु भएको भए पनि महिलाहरू निर्णायक कानून कार्यान्वयन तहमा कमजोर हुनाले लागु हुन सकेको छैन ।

लामो संघर्ष र पर्खाईको परिणाम स्वरुप गठित संविधान सभाबाट पारित नेपालको संविधान महिलाअधिकारका पक्षमा देखिएको छ । नेपालको संविधानको प्रस्तावनामै लैङ्गिक विभेदको अन्त्य गर्ने कुरा उल्लेख गर्नुका साथै धारा १८ को उपधारा (४) मा समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन, उपधारा (५) मा पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ । त्यस्तै धारा ३८ मा महिलाको हक सम्बन्धी व्यवस्था गरिएको छ । ३८(१) मा वंशीय हक, (२) मा सुरक्षित मातृत्व र प्रजनन् सम्बन्धी हक, (३) मा महिला विरुद्ध धार्मिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य कार्य वा शोषण गरिने छैन, त्यस्तै (४) मा राज्यका निकायमा महिलालाई समानुपातिक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक, (५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक, (६) मा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ भनिएको छ । यसरी महिलाका हक अधिकारलाई संविधानमा उल्लेख गरिएपनि त्यसलाई कार्यान्वयन नगर्दासम्म नेपाली महिलाहरूको समस्यामा कमी आउने लक्षण देखिँदैन ।

नेपालमा महिलाको राजनैतिक सहभागितालाई हेर्ने हो भने विभेदपूर्ण देखिन्छ । हरेक राजनीतिक आन्दोलनमा महिलाहरू पुरुष सरह अग्रभागमा देखिएपनि राजनीतिक पार्टीका निर्णायक तहमा न्यून संख्यामा मात्र पुगेको देखिन्छ भने राज्य सञ्चालनको तहमा त अझ नाजुक नै छ । २०१५ सालको निर्वाचनमा द्धारिकादेवी ठकुरानी विजयी हुदै पहिलो महिला मन्त्री हुन सफल भएको देखिन्छ, भने २०४८ को आम निर्वाचनमा ५%, २०५६ मा ५.९%

देखिन्छ । माओवादी विद्रोहमा सामेल जनसेनामा ४०% महिलाहरू भएका कारणले अन्तरिम व्यवस्थापिकामा माओवादीले ४०% सहभागिता गराएका कारण महिलाहरूको संख्या १८% पुग्यो । नेपालको अन्तरिम संविधानमा ३३% महिला सहभागितालाई सुनिश्चित गरिएकाले पहिलो संविधान सभामा ३३% महिला सभासद चुनिए भने दोस्रो संविधानसभाबाट २९% महिलाहरू निर्वाचित भए । (२०७२)

यसरी हेर्दा संसदमा महिलाहरूको सहभागिता क्रमिक बृद्धि हुँदै गएको र संविधानमै महिला आरक्षणलाई प्राथमिकता दिएको पाइन्छ । राष्ट्रिय सभा, प्रतिनिधि सभा, प्रदेश सभा, स्थानीय कार्यपालिका सबैमा एकतिहाई महिला निर्वाचित हुने अधिकारलाई सुनिश्चित गरिएको छ । नेपालको संविधानको धारा (९१) को उपधारा (२)१ मा सभामुख र उपसभामुख मध्ये एकजना महिला हुनुपर्ने उल्लेख गरिएकै कारण नेपालमा पहिलोपटक महिला सभामुख निर्वाचित हुन सफल हुनुभएको छ ।धारा (९२) को उपधारा (२)१ मा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एकजना महिला हुनुपर्ने व्यवस्था गरिएको छ । महिलाको समानुपातिक प्रतिनिधित्वलाई व्यवहारमा कार्यान्वयन गर्दै लगिनु र राष्ट्रपतिमा पहिलो महिला निर्वाचित हुनु नेपाली महिलाहरूको लागि गौरवको कुरा भएपनि प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री, प्रदेशमन्त्री, नगरप्रमुख, गाउँप्रमुखमा महिलाको सहभागितालाई सुनिश्चित गर्न सकेको छैन । जबसम्म नीति निर्माण तथा कार्यान्वयनको तहमा महिलालाई समान हैसियत प्राप्त हुन सक्दैन तबसम्म महिलामाथि अनेक विभेद भइरहने देखिन्छ ।

समाजमा परम्परागत रुपमा विद्यमान रहेका धर्म, परम्परा, कुरीति, कुसंस्कारका कारण महिलामाथि घरेलु हिंसा गरिँदै आएको पाइन्छ । महिलाहरू घरमा सबैभन्दा बढी सुरक्षित हुनुपर्ने हो तर महिलामाथि हुने धेरै हिंसा घरेलु नै छन् । महिलाहरू आफ्नै घर भित्र बलात्कार हुन्छन्, जबर्जस्ती देहव्यापारमा लगाइन्छन्, यौन दासको रुपमा राखिन्छन्, जबरजस्ति गर्भवती बनाइन्छन्,बाल विवाह, अनमेल विवाह, बहुविवाह, विधवा प्रतिको दुर्व्यवहार, कुटपिट, दाईजोको कारण यातना तथा हत्या, बालिका भ्रूण हत्या जस्ता अनेक घरेलु हिंसा भोग्न बाध्य छन् । २१ औं शताब्दीमा आइपुग्दा पनि महिलाको हैसियत अत्यन्त कमजोर छ ।अशिक्षा, आर्थिक रुपमा कमजोर, धार्मिक मूल्य मान्यता, समाजमा जरा गाडेर बसेको पितृसत्तात्मक सोंचबाट उत्पन्न परम्परागत कु-संस्कार आदिका कारण महिलाहरूले हिंसा भोगिरहनु परेको छ । समग्रमा भन्नुपर्दा महिलाहरू शारीरिक, मानसिक, धार्मिक र

कानूनी रुपमा नै हिंसाका सिकार भएका छन् । जुन पुरुष सँग बसेका छन् उनै पुरुषबाट बढी हिंसाका सिकार भएका छन् । श्रीमती कुट्ने, गाली गलौज, घर निकाला, लाञ्छना, प्रजनन् अधिकारमा नियन्त्रण, वैवाहिक बलात्कार नेपाली समाजमा महिलाहरूले बढी मात्रामा भोग्ने घरेलु हिंसाहरू हुन् । त्यसैले महिलाहरूको विभिन्न अवस्थाको जानकारी खोज्नु र उनीहरूमाथि भएको दुर्व्यवहार र हिंसाको बारेमा अनुसन्धान गर्नु आवश्यक देखिन्छ ।

### १.२. समस्याको कथन

विश्वका आधा आकाश ओगटेका महिलाहरू बिरुद्ध विभिन्न किसिमका हिंसाहरू भएको पाईन्छ । यी हिंसाहरूले महिलाको अवस्था निकै जर्जर र दुःखपर्द तथा पीडादायी अवस्थामा गुज्रिएको छ । ग्रामीण महिलाहरूको धेरैजसो समय घरायसी कार्यमा मात्र बितिरहेको छ । सूचना तथा संचार लगायतका क्षेत्रमा उनीहरूको कम उपस्थितिले गर्दा महिला पुरुषको तुलनामा सामाजिक, साँस्कृतिक, आर्थिक र शैक्षिक रुपमा पछाडि परेको देखिन्छ । घर भन्दा बाहिरको कार्य जस्तै शिक्षा, स्वास्थ्य तथा रोजगारीको क्षेत्रमा नगण्य मात्रामा सहभागी रहेको कारणले निर्णय प्रक्रियामा न्यून पहुँच रहेको छ । प्रत्येक घर परिवारमा पनि महिलामाथि पुरुषले गाली गलौज कुटपिट तथा मानसिक र शारीरिक यातना दिएर हिंसाको सृजना गरेको पाईन्छ । प्रारम्भिक युग देखि नै महिलाहरू विरुद्ध हिंसाको सुरुवात भएको पाइन्छ । अहिले पनि हाम्रो समाजमा अन्धविश्वासबाट सिर्जित देउकी प्रथा, दाइजो प्रथा जस्ता विकृति विसंगति अत्यन्त गम्भिर समस्याको रुपमा देशका विभिन्न भागमा कायम रहेको देखिन्छ ।

सन् १९५० पछि विकास भएका मान्यता, महिला आन्दोलन, प्रजातान्त्रिक व्यवस्था, मानव अधिकार, सामाजिक न्याय जस्ता पक्षमा देखिएका सकारात्मक संकेतले लैङ्गिक विभेद हटाउने तर्फ विश्वभर नै वहस चलाएको छ । भेदभाव विरुद्ध अन्तर्राष्ट्रिय घोषणापत्रहरू जारी भएका छन् । यस परिप्रेक्ष्यमा विश्वव्यापी रुपमा कानून र नीति निर्माण तहमा लैङ्गिक समानताका लागि प्रशस्तै सकारात्मक कार्यहरू भएका छन् तर धर्म, संस्कृति, परम्परा आदिका कारण व्यवहारमा लैङ्गिक विभेद प्रशस्तै रहेका छन् । पछिल्ला समयमा शिक्षामा आएको परिवर्तनले लैङ्गिक भेदभावका व्यवहारहरूलाई हटाउन मद्दत पुगेको छ । आय आर्जनको क्षेत्रमा शहरी महिलाको पहुँच बढेको छ । शिक्षा, स्वास्थ्य, रोजगार आदिमा

विकसित देशका महिलाहरूको प्रशस्तै सुधार देखिएका छन् तर विपन्न गरिब तथा ग्रामीण महिलाहरूमा शिक्षाको अभावमा लैङ्गिक विभेद अझ पनि यथावत नै छ । शिक्षा र विकासमा आमूल फड्कोमारी समाजबाट गरिबी नहटाइएसम्म लैङ्गिक विभेद हट्न सक्दैन नत गलत लैङ्गिक सामाजिकीकरणको प्रक्रिया नै घट्न सक्छ । अर्कोतिर राज्यले समतामा आधारित समाजका लागि स्पष्ट दुर दृष्टिको विकास गरी समानताका लागि हरेक क्षेत्रलाई समेट्ने गरी उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रमको विकास गर्नुपर्दछ । औद्योगिक समाजमा महिलालाई उत्पादन वस्तुका रुपमा मात्र हेर्ने पूँजीवादी मान्यता र शैलीका कारण आर्थिक रुपमा विकसित समाजमा पनि लैङ्गिक विभेद कायम छन् । ती समाजमा सामाजिक न्याय प्रतिस्थापन हुन सकेको छैन । (आचार्य, २०७१)

युवा अवस्थाका महिला माथि हुने गरेको हिंसाको रुपमा बलात्कार, बेचबिखन, जबरजस्ति मञ्जुरी विना विवाह गरिदिने, अनमेल विवाह, खानपान लगायत घरायसी कार्यमा समेत महिला प्रति भेदभावपूर्ण व्यवहार गरेको पाइन्छ । महिलाहरूले भोग्नुपरेका घरेलु हिंसाका रुपमा प्राय विवाह पश्चात् गरिने हिंसा पर्दछन् । जस्तै वैवाहिक बलात्कार, दाइजोको कारणले हुने हिंसा, छोरीको पहिचान गरी गरिने भ्रूण हत्या, गर्भवती महिलाले पाउनुपर्ने स्याहार-संहारको कमी, पोषिलो खानाको कमी, बढी समय काममा खट्नुपर्ने, शारीरिक मानसिक यातना पर्दछन् भने प्रौढ अवस्थाका महिला माथि हुने घरेलु हिंसाको रुपमा उचित स्याहार, औषधी उपचारको अभाव आदि पर्दछन् । यस्ता महिला माथि हुने गरेका विभिन्न खालका घरेलु हिंसा शिक्षित परिवारमा भन्दा ग्रामीण तथा अशिक्षित परिवारमा बढी मात्रामा हुन पुग्दछन् । यिनै विविधता रहे पनि यस गा.वि.स. मा बस्ने महिलाहरूको सामाजिक, साँस्कृतिक, आर्थिक र शैक्षिक अवस्थाको हालसम्म कुनै क्षेत्रबाट अध्ययन भएको छैन त्यसैले यो विषयसँग सम्बन्धित समस्याको अनुसन्धान गरी यहाँ रहेको कमी कमजोरी पत्ता लगाउनु आवश्यक ठानि महिलाहरूको सामाजिक, आर्थिक तथा साँस्कृतिक पक्षमा के कस्तो भूमिका छ भन्ने निम्न प्रश्नको उत्तर खोजिगर्ने उद्देश्यले यो अध्ययन गरिएको हो ।

१. अध्ययन क्षेत्रका महिलामाथि के कस्ता हिंसा हुने गरेका छन् ?

२. यस क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्था कस्तो छ ?

अनुसन्धानमा यिनी प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ । विश्व २१ औं शताब्दीमा पुगिसक्दा यस गा.वि.स. का महिलाहरूको सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्था कस्तो छ यही वास्तविकता जान्न आवश्यक ठानि यो अध्ययनको थालनी गरिएको हो ।

## १.३. अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य पाल्पा जिल्लाको निस्दी गाउपालिका वडा नं.४ मित्तेलका महिलाहरुको सम्पतिमा स्वामित्वको बारेमा समाजशास्त्रीय अध्ययन गर्नु रहेको छ । यस अध्ययनका निम्न विशिष्ट उद्देश्यहरू रहेका छन् :-

१) पाल्पा जिल्ला निस्दि गाउँपालिकाको महिलाहरुको सामाजिक सास्कृतिक र आर्थिक विवरण प्रस्तुत गर्ने

२) अध्ययन क्षेत्रमा बसोबास गर्ने महिलाहरू सम्पतिमाथिको स्वामित्व बारेमा विश्लेषण गर्ने ।

## १.४. अध्ययनको महत्व

वर्तमान समाज विगतको तुलनामा निकै पृथक र परिपक्व तथा सुविधा सम्पन्न भएको छ र पनि दुःखको कुरा यो छ की महिला प्रति सामाजिक दृष्टिकोण परिवर्तन भएको छैन । ग्रामीण क्षेत्रमा अशिक्षा अन्धविश्वासले गर्दा महिला माथिको दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन भने शहर लगायतका शिक्षित व्यक्तिहरू भएको समाजमा पनि महिला प्रतिको व्यवहार उस्तै केवल ग्रामीण क्षेत्रको भन्दा प्रकृतिमा फरक छ । त्यसैले यस अध्ययनलाई पनि घरेलु हिंसाबाट पीडित महिला वर्गको आर्थिक अवस्थाको बारेमा सम्पूर्ण जानकारी हासिल गर्न सफल नभएतापनि पाल्पा जिल्लाको निस्दी गाउपालिका वडा नं.४ मित्तेलमा बसोबास गर्ने विभिन्न वर्गका महिलाहरूको अवस्थाको बारेमा जानकारी दिन सहयोग हुनेछ ।

प्रस्तुत अध्ययनबाट पाल्पा जिल्लाको निस्दी गाउपालिका वडा नं.४ मित्तेलका महिला र तिनीहरूको त्यस समाजमा के कस्तो स्थान रहेको छ, त्यसको मोटामोटि जानकारी खोज्नमा यस अध्ययनको महत्व रहेको छ । नेपाली समाज त्यसमा पनि ग्रामीण समाजमा बसोबास गर्ने महिलाहरूलाई हेर्ने दृष्टिकोण उनीहरूको स्तर वा सम्पतिका कारणले घर परिवारमा गरिने क्रियाकलाप आदिको बारेमा बुझ्नको लागि केही हदसम्म भएपनि यो अध्ययन सफल भएको छ । साथै भविष्यमा यही विषयसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्न चाहने

अनुसन्धानकर्ताहरूलाई केही मात्रामा भए पनि सहयोग मिल्न सकोस भन्ने आशा लिएकी छु । यसका साथै सम्पतिका कारणले हुने घरेलु हिंसा पीडित महिलाहरूको आर्थिक अवस्थाको अध्ययनसँग सम्बन्धित कार्यका लागि स्वदेशी तथा विदेशी संघसंस्थालाई यसले केही हदसम्म सहयोग पुग्ने आशा लिएकी छु ।

### १.५. अध्ययनको संगठन

यस अध्ययनलाई समग्र रुपमा सात वटा अध्यायहरूमा विभाजन गरिएको छ । पहिलो अध्यायमा यस शोधकार्यको परिचय अन्तर्गत क्रमशः अध्ययनको पृष्ठभूमी, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको संगठनलाई समावेश गरिएको छ । दोस्रो अध्यायको पहिलो खण्डमा विभिन्न महिलावादी सिद्धान्तका बारेमा लेखिएका सैद्धान्तिक लेखहरू र दोस्रो खण्डमा अध्ययनसँग सम्बन्धित विभिन्न लेखकहरूले लेखेका महिलामाथि सम्पतिमा स्वामित्वका विषयवस्तु सम्बन्धी लेख, रचना, पुस्तकहरू, प्रतिवेदनहरू, प्रकाशित भएका उपयुक्त खालका पत्र-पत्रिकाहरूका विषयवस्तुलाई समावेश गरिएको छ । यस अध्ययनको तेस्रो अध्यायमा सोधकर्ताले अध्ययन तथा अनुसन्धानका क्रममा अपनाइएका अनुसन्धान विधिका बारेमा उल्लेख गरिएको छ । अध्याय चारमा सामाजिक अवस्थाको परिचय दिइएको छ । अध्याय पाँचमा साँस्कृतिक अवस्थााको बारेमा जानकारी दिईएको छ । छैटौं अध्यायमा यस क्षेत्रका महिलाहरूको सम्पतिमा स्वामित्व अवस्थाको बारेमा प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रष्ट पारिएको छ । अध्याय सातमा शोधकार्यको सारांश र निष्कर्ष उल्लेख गरिएको छ । त्यसपछि क्षेत्रगत अध्ययनका लागि तयार पारिएका प्रश्नावलीको सूचीलाई राखिएको छ । अन्त्यमा सन्दर्भसूची राखिएको छ ।

# अध्याय २

## साहित्यको पुनरावलोकन

कुनै पनि समाजमा महिलाहरू स्वतन्त्र रुपमा अगाडि बढ्न सकिरहेका छैनन् । महिलाहरू आफ्नो हक अधिकार प्राप्त गर्नको लागि पनि स्वतन्त्र रुपले अगाडि बढ्न सकिरहेका छैनन् । महिलाहरू माथि सदियौं देखि विद्यमान दोहोरो शोषण एवम् उत्पीडनको सुरुवात र त्यसको विकास प्रक्रियाको वस्तुवादी अध्ययनले हामीलाई सही रुपबाट समस्याको एउटा प्रष्ट दिशाबोध हुन सक्छ । विभिन्न महिलावादी अध्ययन तथा महिलाको सम्पतिमा स्वामित्वको क्षेत्रमा विभिन्न समयमा भएका अध्ययन, अनुसन्धान आदिको समीक्षाले यस अध्ययनमा मद्दत पुग्ने उद्देश्यका साथ पुनरावलोकन गर्ने प्रयास गरिएको छ ।

### २.१. सैद्धान्तिक समीक्षा

### २.१.१. लैङ्गिक सिदान्तहरु (WID,WAD,GAD)

लैङ्गिक सिदान्त अन्तर्गत महिला सम्वन्धि विभिन्न तथ्याकंहरु प्रष्ट पार्नका लागी प्रत्येक देशका सरकारले महिला र पुरुष विचका विभिन्न पक्षको सर्वेक्षण गयौ र निचोडमा महिलाहरु पुरुष भन्दा धेरै पछाडि रहेको महसुस विश्वका विभिन्न देश लगायत गैर सरकारी सस्थाहरुले अनुभव र महसुस गरे । त्यसैले शाराशंमा विभिन्न सघंसस्थाकहरुले महिला विकाश सम्वन्धि गरेको व्याख्या निम्न अनुसार छ ।

विकाशमा महिला (WID) : महिलाहरु विकाहको मुलप्रवाह वाट टाडा रहेको हुदा उनिहरुलाई विकाशको मुल प्रवाहमा ल्याउनु पर्दछ , जसका लागी कानुनी समानता, रोजगारीमा पहुच, स्वस्थ र शैक्षिक अवसरहरु , सम्पतिमा पहुचवद्ध , महिलालाई साथ दिने उपयुक्त प्रविधिका पक्षहरुलाई अवलम्वन गर्नु पर्दछ

महिला र विकाश (WAD) :यस सिदान्त अनुसार महिलाहरु पहिले देखि विकाश प्रक्रियामा समाहित हुदै आएका हुदा विकाशमा महिलाको सहभागिता मात्र केन्द्रित नभएस विकाश प्रक्रिया र महिला विचको सम्वन्ध लाई व्यवस्थित गर्नु पर्दछ । विभिन्न स्रोत साधनको र अवसरको महिला र पुरुष विच पुर्नवितरण हुनु पर्दछ । सम्पति तथा स्रोत साधन आर्थिक

स्रोत भएकाले यिनिहरुले मानिसको जिवन यात्रामा भरपर्दो इन्धनको भुमिका निर्वाह गर्दछ। त्यसैले सम्पतिमा महिलाको पहुँच तथा पुनर्वितरण हुनु पर्नेमा यसले जोड दिएको छ।

लैगिकं विकाशमा (GAD) : :यस सिदान्तले महिला र पुरुषको सम्पुर्ण पक्षको अध्यनलाई जोड दिन्छ। समाजमा महिला र पुरुष दुवैले एक अर्कालाई न्याय र समानतका आधारमा हेय दृष्टीले नहेरी एकले अर्कोलाई आदर सदभाव राख्नु पर्दछ।

सन १९९५ मा वेइजिडमा सम्पन्न भएको चौथो विश्व महिला सम्मेलनले पनि लैगिंक समानता कायम गर्न महिलाको साथै पुरुषको भुमिकालाई भावनालार्य पनि समेटनु पर्ने प्रष्टाएको छ।

### २.१.२. मार्क्सवादी महिलावाद

मार्क्सवादी महिलावादले स्रोत र साधनमा महिलाको पहुँच स्थापनाका लागि राज्य संरचनामा वर्गीय समाज र निजी सम्पत्ति माथिको अधिकारको अन्त्यलाई जोड दिएको छ। महिलाको शक्तिलाई जोड दिँदै समाजका प्रत्येक विभेदको अन्त्यको आवश्यकतालाई जोड दिएको छ। (आचार्य, २०६८)

समाजवादी नारीवादको नजिक रहेको नवमार्क्सवादी नारीवादले भने नारीवादी आन्दोलनले लैङ्गिक समानताको निम्ति दुई किसिमको लडाई लड्नुपर्ने कुरामा जोड दिन्छ। पहिलो लडाई पूँजीवाद विरुद्धको लडाई र दोस्रो लडाई पितृसत्ता विरुद्धको लडाई। यी दुई लडाईको जित पछि मात्र लैङ्गिक समानता स्थापना हुने कुरामा नवमार्क्सवादी नारीवादले विश्वास गर्दछ। (मिश्र र पोखरेल, २०७०)

### २.१.३ आमूल महिलावाद

आमूल महिलावादले विश्वब्यापी महिला शोषण, दमन, र विभेदका अन्त्यका लागि पितृसत्तात्मक समाजको विकल्पको आवश्यकतामाथि जोड दिएको छ। पुरुषका शोषणका अन्त्यका लागि पुरुष विनाको समाजको आवश्यकता माथि जोड दिएको छ। विज्ञानले समेत महिला शोषणलाई संस्थागत गरेको छ भन्ने मान्यतामा जोड दिएको छ। (आचार्य,२०६८)

आमूल नारीवादले समाजमा अतिरुपमा व्याप्त पितृसत्ता रहेको र यसरी व्याप्त पितृसत्ता जबसम्म रुपान्तरण हुँदैन तबसम्म महिलाहरू अन्यायका सिकार भइरहने कुरामा विश्वास राख्दछ । बहुसंख्यक आमूल नारीवादीहरू पृथकतावादी नारीवादी छन् जो महिला र पुरुषको निम्ति पृथक् संस्था तथा पृथक् सम्बन्धमा विश्वास राख्दछन् । त्यसैले अधिकार प्राप्तिको लागि महिला महिला मिलेर नै नयाँ संसार बनाउनु पर्छ भन्ने आमूल नारीवादीहरूको भनाई छ । (मिश्र र पोखरेल, २०७०)

### २.१.४. समाजवादी महिलावाद

समाजवादी महिलावादले महिला पछि पर्नुमा समाजको आर्थिक र सामाजिक दुबै संरचनागत सम्बन्धलाई जिम्मेवार ठान्दछ । महिलाको विकास र परिवर्तनका लागि महिला पुरुष दुबैको सोचाईमा परिवर्तन आउनु पर्ने ठान्दछ । समाजमा रहेका सबै खालका विभेद र दमनकोअन्त्यलाई महिला र पुरुषको दृष्टिकोणबाट अन्त्य गरेर अगाडि बढ्नु पर्दछ भन्ने ठान्दछ । (आचार्य, २०६८)

समाजवादी नारीवादले लैङ्गिक समानताको निम्ति समाजमा उथलपुथल नल्याई नहुने कुराको ठोकुवा गर्दछ, विशेषतः आर्थिक उथलपुथल । समाजवादी नारीवादले पुँजीवाद नै आधारभूतरुपमा असमानताको कारक हो भन्दछ । शक्ति रपुँजी पारस्परिक रुपमा एकअर्काका पूरक हुन् र महिलाहरू वैयक्तिक पहलमा समाजमा शक्तिसम्पन्न स्थान र स्थितिमा पुग्न सक्तैनन् भन्ने तर्क राख्दछ । यसको निम्ति शक्तिको पुनर्वितरण हुन जरुरी छ भनी वकालत गर्दछ । (मिश्र र पोखरेल, २०७०)

### २.१.५. उदार महिलावाद

उदार महिलावादले महिलाको कामको पहिचान, समानज्याला, स्वतन्त्रता, मुक्ति पहुँच जस्ता पक्षमा जोड दिएको छ । प्रत्येक खालका लैङ्गिक विभेदका श्रृङ्खलाहरूलाई राजनैतिक तथा कानूनी विकासबाट परिवर्तन गर्न सकिन्छ । समान उत्तरदायित्व, शिक्षा, संचार आदिको विकासले लैङ्गिक विभेद हट्न सक्दछ भन्ने मान्यता राख्दछ । यसले स्वनिर्भरता र स्वतन्त्रतालाई महिला विकासको आधार मानेको छ । (आचार्य, २०६८)

उदार नारीवादले महिला र पुरुषको बीचको असमानता उनीहरूको शरीरको कारणले नभई राज्यले पुरुषलाई बढी महत्व दिएको कारणले नै हो भन्ने बुझाई राख्छ । त्यसैले राज्यल महिलालाई पनि पुरुष सरह नै सम्पूर्ण अधिकारहरू दिनुपर्छ किनकी मानव भनेको पुरुष मात्र होइन महिला पनि हो भनी वकालत गर्दछ । (मिश्र र पोखरेल, २०७०)

## २.२. पूर्व अध्ययनहरूको समीक्षा

महिला र पुरुषबीचको सम्बन्ध हाम्रो इच्छामा भर पर्दैन । त्यो वर्गहरूबीचको सम्बन्धको बारेमा जस्तै समाजमा विद्यमान् धन-सम्पत्तिको उत्पादन र आवन्टनको स्वरुप तथा उत्पादनका शक्तिहरूसित मानिसहरूको सम्बन्धको स्वरुपमा भर पर्दछ । यो नै महिला र पुरुष बीचको सम्बन्धको मूल आधार हो । जस्तो कि समाज विकासको आदिमचरणमा सामाजिक उत्पादनमा महिलाहरूको वर्चस्व थियो । महिलाहरू खेतीबारीको काम गर्थे भने पुरुषहरू जङ्गलमा शिकार गर्थे । आदिम ढङ्गको उत्पादन व्यवस्थामा महिलाहरूको भूमिका मुख्य थियो । भौतिक उत्पादकताको त्यस विशिष्ट स्वरुपअनुसार महिला र पुरुष बीच सम्बन्धको निर्माण भएको थियो । समाजमा नारीको प्रधानता थियो । समाज मातृसत्तात्मक थियो । उत्पादनको त्यस विशिष्ट स्वरुप अन्तर्गत व्यक्तिगत सम्पत्ति र वर्गहरू अस्तित्वमा आउन सम्भव थिएन । आदिम चरणको अन्त्यतिर उत्पादनमा मुख्य भूमिका पुरुषको रहने परिस्थिति विकसित भयो । खेतीबारीलाई क्रमशः उत्पादनको पशुपालनले प्रतिस्थापित गर्दै गयो । उत्पादनको पशुपालनमा भाला, तीर कमान, जङ्गली जनावर समाउनलाई प्रयोग हुने डोरी आदि साधनहरू उत्पादनका मुख्य औजारहरू हुन्थे । उत्पादनको यस रुपसित पुरुषहरू पहिलेदेखि अभ्यस्त थिए । उत्पादनको यस रुपले खेतीबारी र उत्पादनका शक्तिहरूसित मानिसहरूको सम्बन्धको पहिलेको रुपलाई प्रतिस्थापित गर्‍यो । उत्पादनका मुख्य साधनहरूसित पुरुषहरूको सम्बन्ध स्थापित हुनुका साथै उत्पादनको सञ्चालन महिलाहरूबाट पुरुषहरूको हातमा गयो । तब समाजको मातृसत्तात्मकताको अन्त्य भयो र पितृसत्तात्मक समाजको उदय भयो । महिलाले समूहको मुखियाको स्थान गुमाए र त्यो स्थान पुरुषले लियो । महिलाहरू क्रमशः घरभित्रको काममा मात्र सिमित हुँदै गए । पुरुषको बच्चाको आमा र पुरुषहरू पशुचरन र शिकारबाट फर्कंदा खाना बनाएर राख्ने अवस्थामा पुगे । जब यसरी समाजमा धन-सम्पत्तिमाथि, उत्पादनका साधन र श्रमका वस्तुहरूमाथि पुरुषहरूको अधिकार कायम भयो, व्यक्तिगत स्वामित्व

प्रणालीको सुरुवात भयो र महिलाहरू पुरुषहरूमाथि आश्रित हुँदै गएर अन्त्यमा पुरुषहरूको व्यक्तिगत सम्पत्तिमा रुपान्तरित भए । यसरी हालसम्म उपलब्ध ऐतिहासिक तथ्यहरूबाट के स्पष्ट हुन्छ भने नारी-पुरुषबीच उत्पादन सम्बन्धमा आएको बदलाब नै महिला दासताको मुख्य कारण हो । (शर्मा, २०१५)

महिलाहरू विभिन्न किसिमबाट हिंसाको शिकार बन्दै आइरहेका छन् । वि.सं.२०७१ साल भदौ ११ गते गुल्मी जिल्ला हर्मिचौर गा.वि.स. वडा नं. ३ मा स्थायी बसोबास भएकी बोल्न नसक्ने महिला ६९ वर्षिया देउरुपा सापकोटाको बलात्कार गरी उनकै घरमा हत्या गरियो । हत्यारालाई स्थानीयबासी र प्रहरीको पहलमा सोही दिन पक्राउ गरी जेल चलान गरिएको छ । (अकला आवाज मासिक २०७१, भाद्र) नेपालमा हुने गरेका यस्ता केहि उदाहरण मात्र हुन् । संचार माध्यममा नआएका कतिपय घटनाहरू समाजकै मिलोमतोमा सुल्झाउने कोशिस गरिन्छ । समाजमा गरिने अधिकांश मेलमिलापले महिलालाई न्याय दिनुको सट्टा झन् पीडित गराएको पाइन्छ । महिलामाथि हुने गरेका विभिन्न किसिमका हिंसाहरूलाई बाहिर ल्याई समस्याको समाधान गर्न अत्यावश्क छ । महिलाको माइती र घर दुबै ठाउँबाट सम्पत्तिको हिस्सेदार बन्न नसक्ने भएकाले गर्दा महिलाहरूको विवाह पश्चात् सामाजिक, आर्थिक, धार्मिक, निर्णायक भूमिकामा महिलाहरूको स्थिति कमजोर पाइन्छ ।

दोस्रो विश्व महिला सम्मेलनको तयारीका लागी संयोजकहरूको बैठक (२०१५/०३/१० देखि १७ सम्म) का अनुसार नेपालमा मात्र महिलाहरू हिंसाको शिकार भएका छैनन् । कतिपय विकसित देशका महिलाहरू पनि आफ्नै श्रीमान् घर तथा समाजबाट तिरस्कृत भएका छन् । यस्ता शिकार हुनेमा बालबालिकाहरूपनि परेका छन् । विश्व महिला सम्मेलनकी दक्षिण अफ्रिकाकी संयोजक बुलेलुवा चार्लीको रिपोर्ट अनुसार दक्षिण अफ्रिकामा बालबालिकाको फुटबल खेलमा बालिकाहरूलाई लालचमा फसाई खेल शुरु हुनु अगावै बन्द कोठामा लगी अनैतिक व्यवहार गरियो । उक्त घटनाबाटै प्रष्ट हुन्छ महिला तथा बालबालिकाहरू कुनै पनि ठाउँमा सुरक्षित हुन सकेका छैनन् । प्रायजसो यौन जन्य हिंसा भोगेका महिलाले उक्त घटना प्रहरी समक्ष पुर्‍याउँदैनन् किनकी प्रायः त्यस्ता मुलुकहरू जहाँ महिलाको कुमारीत्वलाई परिवारको इज्जतसँग जोडिन्छ । त्यहाँ महिलाहरूको आफ्नै बलात्कारको कुरा सार्वजनिक भएमा त्यही बलात्कारी सँग विवाह गर्न दबाब दिइन्छ समाजमा ८०% भन्दा बढी हिंसा र अपराध महिलाकै विरुद्ध हुने गर्दछन् । त्यस्ता प्रकारका

हिंसामा घरायसी हिंसा कुटपिट प्रताडना, दाइजोको कारण हत्या, बालिका भ्रुण हत्या, यातना आदि छन् । समाजमा तुलनात्मक रुपमा पुरुष भन्दा बढी महिला नै हिंसाको शिकार बन्दै आएको पाइन्छ । यसरी महिलाहरू हरेक किसिमका हिंसाबाट शिकार भैरहेका छन् ।

जैविकीय आधारमा नै महिला सक्षम र पुरुष असक्षम वा पुरुष सक्षम र महिला असक्षम हुन्छन् भन्ने तर्क र मान्यता गलत छ । बरु त्यस्ता मान्यताहरू धर्म, संस्कृति, प्रचलन, परम्परा तथा संस्कारका आडमा गरिएका हुन्छन् । अर्कातिर महिला पुरुषका रुपमा र पुरुष महिलाका रुपमा लिङ्गका आधारमा कहिल्यै हुन सक्दैनन् तर कामका आधारमा एउटा महिला सेनाको अधिकृत हुन वा एउटा पुरुष भान्साको काम गर्न सक्दछन् । यद्यपि समाजको पितृसत्तात्मक ढाँचा र मान्यताले महिलालाई स्वतन्त्र र खुल्ला हुन बन्देज गरेका प्रशस्त उदाहरणहरू समाजमा देख्न सकिन्छ । वास्तवमा सामाजिक वा पारिवारिक आवश्यकतालाई ध्यान दिँदै घर बाहिर वा घर भित्रका सबै कार्यमा  आवश्यकताको सिद्धान्त अनुरुप भूमिका निर्धारण हुन सकेमा  समाजमा लैङ्गिक सन्तुलन हुने थियो । तर पुरुषमा उचता र महिलामा हिनताको भावना पनि यसका लागि बाधक बनेको देखिन्छ । वास्तवमा महिला र पुरुष दुबैको भूमिकालाई कम आँकलन नगरी दुबैको सम्मान गर्नाले र आवश्यकता अनुरुप एक पक्षले अर्को पक्षको कार्यबोझलाई घटाउने प्रयत्न गर्न सके समाजमा लैङ्गिक विभेद कम हुने प्रायः निश्चित छ । (आचार्य, २०७१)

नेपाली समाजमा विवाहपछि महिलाको भूमिकामा परिवर्तन हुने गर्दछ । सामाजिक साँस्कृतिक मान्यता अनुसार विवाह पछि महिलालाई पृथक भूमिका दिइन्छ । जुन तुलनात्मकरुपमा विवाह अघिको भन्दा बढी नियन्त्रीत र कष्टकर हुन्छ । यसैगरी विवाहपछि महिलाले बालबच्चा जन्माउनुपर्ने, घरायसी कार्यमा सहभागी हुनुपर्ने, घरमा पाहुनापाछा तथा वस्तुभाउ, भान्छा र सरसफाईका  कार्यमा सहभागी हुनुपर्दछ भन्ने मान्यताले गर्दा पढाई बीचमै छोड्नुपर्ने, जागीर छाड्नुपर्ने तथा नयाँ जागीरका लागि घरको अनुमती लिनुपर्ने बाध्यताले सबै समुदायका  महिलाहरूको विकास हुन नसकेको देखिन्छ । यसका मूल कारण हाम्रो सामाजिक मान्यता र गलत सामाजिकीकरणको प्रक्रियाले असमान लैङ्गिक भूमिका निर्धारण गरेको छ । जुन कुरा विभिन्न अध्ययनले देखाएको विषय हो । नेपाली समाजमा खासगरी ग्रामीण समुदायमा महिलाहरूलाई स्वतन्त्र रुपमा निर्वाह गर्ने, आफुले मनपरेको मान्छेसँग विवाह गर्नु, प्रजनन् अधिकार सुरक्षित गर्नु जस्ता कार्यमा समाजले

अनुमति दिएको हुँदैन । यसैले सामाजिक लिङ्ग निर्माणको प्रक्रियामा वैवाहिक सम्बन्धले प्रभाव पार्दछ । (आचार्य, २०७१)

हिन्दु समाजका व्यवहार र क्रियाकलापहरूलाई हेर्ने हो भने परिवार भित्रै एउटा सासु जो हिजोकी बुहारी पनि हो उसले बुहारी माथि अत्यन्तै अन्यायपूर्ण व्यवहार गरेकी हुन्छे । एउटी महिला जो हिजोकी कसैकी श्रीमती हो जसले आज छोरा नभएकोमा अर्को विवाहलाई प्रेरित गर्ने लोग्नेलाई प्रेरित गर्दछे । एउटी महिला जुन कुनै आफ्नै दिदी बहिनी माथि सौता बन्न पुगेकी हुन्छे । एउटी महिला जुन भोली बुहारी हुँदैछ तर आज कसैले नन्द अमाजुका हैसियतले भाउजु, बुहारीलाई आँखा तर्न पछि पर्दिन । एउटी पढेलेखेकी शिक्षिका,कर्मचारी वा सामाजिक कार्यकर्ता ऊ सँधै आँफुमात्रै नेता भएर अरुलाई निर्देशन दिन खोज्दछे । एउटी धनी महिला आफ्ना गरिब तथा गाउँले गरिब दिदी बहिनीहरूलाई सहयोग गर्न तत्पर छैन । यस्ता अनेकौं घटना र अवस्थाहरू पनि छन् जसले महिलाको हिंसा र शोषण विभेद र दमनका लागि महिलाहरूको संलग्नता प्रमुख रहेको देखाउँछ । यसैले लैङ्गिक विश्लेषकहरूको ध्यान यस्ता प्रक्रिया र व्यवहारहरूतर्फ पनि जान आवश्यक छ । यस बाहेक सबैभन्दा बढी महिला हिंसा पुरुषहरूबाटै हुने गरेका छन् । (आचार्य, २०७१)

२०६८ सालको जनगणनाले देशका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल २३९२६५४१ जनसंख्यामा ६५.९% व्यक्तिहरू साक्षर रहेको देखाएको छ । पुरुषको साक्षरता दर ७५.१% छ भने महिलाको साक्षरता दर ५७.४% रहेको छ । २०५८ सालको जनगणनामा ६ वर्ष वा सो भन्दा माथिल्लो उमेरका व्यक्तिहरूको कुल साक्षरता दर ५४.१%, पुरुष साक्षरता दर ६५.५% र महिला साक्षरता दर ४२.८% थियो । पाँच वर्ष वा सो भन्दा माथिल्लो उमेरका  साक्षर जनसंख्याको सबैभन्दा ठूलो हिस्सा अर्थात ३९% व्यक्तिहरूले प्राथमिक तह (कक्षा १-५ सम्म) उत्तीर्ण गरेको पाइएको छ । निम्न माध्यमिक तह (कक्षा ६ -८ सम्म) उत्तीर्ण गरेका व्यक्तिहरू २०.३% अंशसहित दोस्रो बहुसंख्यामा रहेको देखिन्छ । एस.एल.सि. वा सो सरह उत्तीर्ण गर्ने व्यक्तिहरू कुल जनसंख्याको १०.२% देखिन्छन् भने एस.एल.सि. भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरू १०.२% नै देखिएका छन् । जम्माजम्मी ४.२% व्यक्तिहरूले अनौपचारिक शिक्षा हासिल गरेको देखिएको छ । (आचार्य, २०७१) दाइजो तथा तिलक प्रथाका कारण नेपाली महिलाहरू निकै प्रभावित भएका छन् । छोरीको विवाह गर्दा आफ्नो हैसियत भन्दा बढी दाइजोको माग गर्ने पुरुष प्रवृत्ति आज पढेलेखेका

वृत्तमा पनि देख्न सकिन्छ । दाइजो दिन नसक्दा एउटी महिलाको विवाह हुन नसक्ने अवस्था देखिएको छ । विवाह पछि पनि दाइजो कम ल्याएका कारण महिला प्रतिको मानसिक तनाव, कुटपिट, हत्या तथा अर्को विवाहका घटनाहरू नेपाली  समाजमा प्रशस्त देख्न सकिन्छ । समाजले फड्को मार्‍यो भनिएता पनि यसप्रतिका चिन्तन र चेतनामा सुधार आउन सकेको छैन । यसैगरी कुमारी प्रथामा नेवारी समाजमा एउटी बालिकालाई कठोर नियममा राखिएको हुन्छ । उसलाई देवीका रुपमा लिइएता पनि महिनावारी पछि ऊ कुमारीका रुपमा पनि नरहने र कुमारी बसेकी केटीसँग विवाह गरेमा लोग्नेको मृत्यु हुने मान्यताले गर्दा कतिपय यस्ता कुमारी बसेका महिलाहरू अविवाहित पनि छन् । यसलाई महिलावादीहरू सामाजिक साँस्कृतिक शोषणका रुपमा व्याख्या गर्दछन् । यसैगरी आजसम्म पनि नेपालको दाङ-देउखुरी, बाँके, जाजरकोट जिल्लामा वादीप्रथाका नामबाट यौन शोषण भएको छ । परम्पराको नाममा अझैपनि त्यस समाजमा वादीप्रथा व्याप्त छ जहाँ सामाजिक साँस्कृतिक रुपमा नै खुला तरिकाले यौन धन्दामा सामेल भइन्छ । वैकल्पिक अवसर र पेशाको अभावमा यो प्रथा कायमै छ । नेपाली समाजमा अर्को कलङ्कको रुपमा रहेको बोक्सी प्रथाका कारण कैयौँ महिलाहरूको हत्या भएको, कैयौँलाई मलमुत्र खुवाइएको, कतिपयलाई परिवार र गाउँबाट निकाला गरिएको अवस्था छ । अत्यन्तै क्रुर यातना दिएर सताउने प्रचलन आज पनि जीउँका तीउँ छ । यसमा गरिब, वृद्ध, विधवा र तल्लो जातका महिलाहरू बढी प्रभावित भएका छन् । यस प्रचलनमा रहेको अन्धविश्वास अझै पनि हट्न सकेको छैन।यसैगरी अछूतता प्रतिको मान्यताले महिलाहरू निकै प्रभावित भएको देखिन्छ । जस्तोः एउटी महिला महिनावारी हुँदा उसलाई गरिने अछूतको व्यवहारले उनीहरूको जीवन र स्वास्थ्यमा प्रतिकुल प्रभाव परेको छ । अर्कातिर दलित महिलालाई गरिने अछूत व्यवहारका कारण पानी पँधेरो, पेशा, व्यवसाय आदि कार्यमा प्रत्यक्ष प्रभाव परेको छ । यसैगरी देउकी र झुमा प्रथाबाट पनि महिलाहरू प्रभावित भएका छन् । नेपालको हिमाली भागमा खासगरी कुमारी केटीलाई बौद्ध गुम्बामा लगेर चढाइन्छ । देउकी प्रथामा सुदुरपश्चिम नेपालका कतिपय भागमा अभिभावकले आफ्नो मनोकांक्षा पुरागर्न छोरीलाई मन्दिरमा देवताको सेवागर्न चढाउने प्रचलन छ । अर्कातिर बँधुवा मजदुरका रुपमा तराईका कतिपय स्थानमा महिलाको श्रम, स्वतन्त्रता तथा यौन शोषण भएका छन् । (आचार्य, २०७१)

महिला अधिकार महिलाको मात्र नभएर पुरुषको पनि हो । महिलाहरू सामाजिक तथा आर्थिक रुपमा आत्मनिर्भर नभएसम्म घरेलु हिंसाबाट मुक्त हुन सक्दैनन् । जुन समाज

पिछडिएको छ, त्यो समाजलाई पितृसत्ताको पहाड फुटाउँदै हिंसारहित नैतिक शिक्षा र यथार्थ न्याय दिनु राज्यको कर्तव्य अनि दायित्व हो। पितृसत्तात्मक समाजमा जुनसुकै क्षेत्रमा पनि पुरुष वर्गकै हैकम र शोषण रहेको छ । नेपाली समाजमा परम्परागत रुपमा रहि आएको लैङ्गिक असमानता र महिला हिंसा जस्ताको तस्तै कायम रहेको अवस्था छ। जसले जे गरेपनि छुट हुँदा दण्डहीनता र महिला विरुद्धको हिंसालाई प्रश्रय दिनु, पितृसत्ता हावी हुनु आदि कुराहरू हिंसा बढ्नुका प्रमुख कारण हुन् । शोषण र उत्पीडनको सशक्त विरोध गर्दै पितृसत्ताको असमानता हटाउँदै सुशिक्षित,शालिन र स्वाभिमानी महिला समाजको सिर्जना गर्नु आवश्यक छ। महिलाहरू हिंसाबाट सुसंस्कृत, आत्मनिर्भर र हरेक हिसाबले सशक्त नभएसम्म सुरम्य समाजको कल्पना नै गर्न सकिँदैन। (कार्की, २०७२)

लैङ्गिक समानता महिला र पुरुषलाई तिनका शिक्षा, स्वास्थ्य, रोजगार, अवसर, पेशा, व्यवसाय, मूल्य र मान्यता आदिमा रहने समान पद वा एकरुपतालाई जनाउँछ । जबकी न्यायिक समताले समान न्याय संगत व्यवहारलाई जनाउँछ । यसले उपलब्ध अवसरको समान उपयोगको सुनिश्चिततालाई जनाउँछ। आज नेपाली समाजमा यही चुनौति देखिएको छ कि राज्यले उपलब्ध गराइएका भनिएका अवसरहरू जुन महिला पुरुषलाई समान छन्,त्यसको उपभोग गर्नबाट विशेष गरी महिलाहरू विमुख छन् । यसैले समानताको आवश्यकता छ । महिला प्रतिका गलत सामाजिक दृष्टिकोण, साँस्कृतिक मूल्य र न्यून शिक्षाका कारण उपलब्ध गराइएका अवसरहरूमा महिलाको पहुँच रहन सकेको छैन । यसैले विशेष अवसर वा आरक्षण सिर्जना गरी, तिनीहरूको आवश्यकताका आधारमा महिला विकासको प्रक्रियालाई अघि बढाउन नसके आधुनिक विकास प्रक्रियामा महिलाहरू समेटिन नसक्ने प्रायः निश्चित छ, किनभने यही अवस्थामा पुरुषसँग महिलाहरू समान किसिमले प्रतिस्पर्धा गर्न सक्ने देखिँदैन । यसका लागि विशेष, शिक्षा, तालिम, उत्प्रेरणा समर्थनको आवश्यकता पर्दछ । नोबेल पुरस्कार विजेता अमार्त्य सेन का अनुसार गरिबी भनेको कम आयस्रोत मात्रै नभई मानवको आधारभुत क्षमतामाथि समेत आफ्नै पहुँच नहुनु हो । यस दृष्टिकोण बाट हेर्दा गरिबी एउटा मूल कारण हुन सक्छ। जसले लैङ्गिक विभेदको अवस्था सिर्जना भएको छ। (आचार्य, २०७१)

पितृसत्तात्मक समाजमा महिलाहरू सापेक्षित रुपमा पुरुषभन्दा शक्ति, इज्जत र आम्दानीको हिसाबले तल्लो स्तरमा रहेका हुन्छन् । पितृसत्ताले महिलाको शरीरमा, श्रममा, प्रजनन्मा,

यौनिकतामा, हिँड्डुलमा र विचारधारामा समेत नियन्त्रण गर्दछ । शरीर तथा प्रजनन्मा नियन्त्रण भएको कारणले सानै उमेरमा विवाह गरिदिने, बच्चा पाउनै पर्ने, धेरैवटा बच्चा जन्माउनुपर्ने वा छोरा पाउनैपर्ने बाध्यताहरू सृजना हुन्छन् । जसले गर्दा स्वास्थ्यमा नकारात्मक प्रभाव पर्दछ । त्यस्तै श्रममा नियन्त्रण भएकाले महिलाले धेरै समय काम गर्नुपर्ने, गरेकोकामको ज्याला नपाइने वा आर्थिक मुल्याङ्कन नगरिइने, ज्याला पाइए तापनि कम ज्याला पाइने तथा महिलाको आफ्नो आयमा घरका पुरुषहरूको नियन्त्रण हुने गर्दछ । महिलाको यौनिकतामा पितृसत्तात्मक नियन्त्रण भएको कारणले महिला विरुद्ध यौनिक हिंसा व्याप्त रहेको र यही कारण देखाई घरपरिवारमा महिलाको स्वतन्त्र विचारधारामा समेत नियन्त्रण हुन्छ र उनीहरूलाई राजनैतिक तथा सामाजिक विचारधाराको चयन वा विचारधाराको प्रतिपादन गर्न प्रोत्साहन गरिँदैन । (मिश्र र पोखरेल, २०७०)

महिलाहरू धार्मिक, आर्थिक कारणले पछाडि परेका कारण हरेक क्षेत्रमा निर्णय गर्नबाट वञ्चित रहेको पाइन्छ । पितृसत्तात्मक सोंच हावी हुनुले महिलालाई सधैं पुरुषको अधिनमा राख्नुपर्छ, महिलालाई केवल पुरुषको सेवामा समर्पित गराउनुपर्छ भन्ने गलत धारणा कायम रहेकाले उनीहरू आफ्नै बारेमा समेत निर्णय गर्न सक्दैनन् । महिलामाथि हुने गरेका विभेदलाई हटाउँदै आफ्नो निर्णय आँफै गर्नका लागि समाजमा रहेका रुढिवादी परम्परा, कुरीति, कुसंस्कारलाई हटाउनु जरुरी छ ।

एकातिर नेपाली अर्थतन्त्र कृषिमा आधारित छ भने अर्कोतिर नेपाली कृषि साना-किसानी छ। साना-किसानी कृषिको मुख्य स्वरुप नै घरपरिवारका सदस्यहरूले जग्गाजमिन खनजोत गर्ने, बालीनाली लगाउने तथा फसल भित्र्याउने हो । यसरी हेर्दा घरपरिवारमा पुरुषको दाँजोमा महिलाहरू नै बढी कृषिमा संलग्न छन् । नेपालका आर्थिक रुपमा सक्रिय महिलाहरू मध्ये ८०-९०% महिलाहरूले कृषिको काम गर्दछन् । कृषिको जनशक्तिमा पनि पुरुषभन्दा बढी महिलाहरू नै छन् । कृषि कार्यका अधिकांश क्रियाकलापहरू पनि प्रायः महिलाहरूले नै गर्दछन् जस मध्ये पशुपालनमा महिलाको भूमिका अत्यधिक मात्रामा छ । यसरी कृषि उत्पादनमा पुरुषको दाँजोमा महिलाको संलग्नता तथा योगदान र महिलामाथि नै कृषिको निर्भरता अत्यधिक भएकोले नेपालमा कृषिको महिलाकरण भएको मानिन्छ । (भद्रा, २०७०)

इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक (२०१५) को तथ्याङ्कले सन् २०१४ मा भएका ८९ घटना, बोक्सीको आरोप लगाई पीडित बनाइएको पाइन्छ । ती

पीडित सबै महिला नै थिए । विगत र अहिलेका बोक्सी सम्बन्धी घटनाहरूको अध्ययन गर्ने हो भने पनि विशेषगरी एकल महिला, निम्न वर्गीय, गरिब, दलित, सामाजिक रुपमा पछि परेका महिलाहरू यस्तो घटनाको सिकार भएको देखिन्छ । बोक्सीको आरोप लगाउने मात्र कहाँ हो र ? अझ मलमूत्र खुवाउने, मरणासन्न हुने गरी कुट्ने, जिउँदै जलाउने, सार्वजनिक रुपमा नंग्याउने जस्ता अत्यन्त अमानवीय क्रियाकलाप भएको सुन्न र देख्न सक्छौं हामी । यस्तो घटनामा विशेषगरी विधवा महिलाहरूले आफ्नो सम्पत्तिको हक परिवारसँग दाबी गरेपछि ती महिलालाई सम्पत्ति दिन रोक्न पनि परिवारका सदस्यले घर गाउँमा यो त बोक्सी हो, यसलाई लखेट्नुपर्छ भन्दै यातना दिएका उदाहरण पनि धेरै छन् । चितवनकी थेगानीदेवी महतोलाई बोक्सीको आरोपमा जिउँदै जलाएको घटना, सर्लाहीकी ७० वर्षे लोचनादेवीलाई मरणासन्न हुनेगरी कुटेर मलमूत्र खुवाई योनिमा चक्कु छिराएर यातना दिइएको थियो । यी दुई प्रतिनिधिमूलक घटना मात्र हुन् । (पराजुली, २०७२)

राजनीतिक, अर्थतन्त्र आदिमा महिलाको शक्ति र प्रभाव निम्न रहेको पाइन्छ । महिलामाथि पुरुषको दमन, शोषण व्यक्तिगत नभई संस्थागत रुपमा अगाडि बढेको छ । पारिवारिक व्यवस्थापन र आर्थिक व्यवस्थापनका भूमिकाहरू प्रष्ट रुपमा भिन्न हुन्छन् । घरधन्दाका कार्यमा प्रायजसो महिलाहरू नै जुटेका छन् । वास्तवमा महिलाहरू पनि शासक छन्, आर्थिक रुपमा पनि धनी छन्, आमाको गहन भूमिका निभाउन पाएका छन् । तर पुरुष समकक्षी जति महिलाको राजनीतिक भूमिका भने बिस्तार हुन सकेको छैन । समाजमा विवाह, परिवार, नातेदारी जस्ता संस्थामा महिला र पुरुषको भूमिका पनि फरक-फरक प्रकृतिको छ । (अर्याल, २०६७)

घरपरिवारमा पुरुषले जहिले पनि महिलालाई आफ्नो अधिनमा राख्न खोज्दछ र राख्दछ पनि । पुरुषको सोचाईमा महिला स्वतन्त्र छैन । उसको पहिचान पुरुषमा गाँसिएको छ । पुरुषवेगर ऊ केही पनि गर्न सक्दिन । यस्तो प्रवृत्तिले समाजमा लैङ्गिक विभेद सिर्जना गरेको छ । यसै कारण समाजमा महिलालाई लक्षित गरेर कुनै न कुनै हिंसाका घटनाहरू बढीराखेका छन् । यसैगरी सासुले बुहारी, छोराछोरीले वृद्ध आमा बाबुलाई कुनै न कुनै प्रकारको हिंसा गरेको देखिन्छ । एउटै घरपरिवारमा सासुका टोकसो खाने बुहारीको कथा पनि कम दर्दनाक हुँदैन । अर्कातिर लोग्नेले छोरा नपाएर, दाइजो कम ल्याएर, आफुखुशी यौन सम्बन्ध राख्न नपाएर,

नपढेको भएर, कम सिप भएकी भएर आदि बहानामा स्वास्नीलाई कुटपिट बहिस्कार तथा मानसिक तनाव दिने गरेका छन् । (श्रेष्ठ र आचार्य, २०६६)

नेपालमा धार्मिक, आर्थिक महत्व कै कारण छोरी भन्दा छोरा कै माग बढी भएको पाइन्छ । जस अन्तर्गत मरेपछि स्वर्ग जान छोराले नै काजक्रिया गर्नुपर्ने धार्मिक मान्यता, बुढेसकालको सहाराका रुपमा छोरा हुन सक्ने तथा सम्पत्ति धान्न पनि छोरा नै हुनुपर्ने मान्यता कै कारण पनि जतिसुकै छोरी भए पनि छोरा नजन्माई नछाड्ने प्रवृत्ति देखा पर्नुलाई लैङ्गिक भेदभावको उल्लेखनीय कारण मान्न सकिन्छ ।

महिलाहरू घरायसी काममा बढी व्यस्त हुनुपर्ने भएकाले उनीहरू बाहिरका कार्यमा निस्कन सकिरहेका छैनन् । सानै उमेरमा विवाह गरिदिने र विवाह पछि शिक्षामा आफ्नो इच्छा अनुसार अगाडि बढ्न नपाउने भएकाले शैक्षिक क्षेत्रमा पछाडि परेका छन् । परनिर्भरताका कारणले पनि महिलाको शिक्षामा नकारात्मक भूमिका खेलिरहेको पाइन्छ ।

सन् २०११ मा महिला सम्बन्धी गरिएको सर्वेक्षणले ३५% महिलाहरूले कुनै न कुनै किसिमको हिंसा व्यहोरेको पाइएको छ, जसमध्ये ५१% महिलाहरू अशिक्षित र ग्रामीण महिला छन् । अपाङ्गता, एकल महिलाहरू बढी जोखिममा छन् । घरेलु हिंसाबाट अधिकांश महिला पीडित छन् किनभने हाम्रो वैवाहिक संरचना, जस्तो पुरुषकै घरमा जानुपर्ने, एक्लै जानुपर्ने, पुरुषबाटै साम्पतिक अधिकार सृजना हुने जसले गर्दा महिलाको काम गर्न पाउने अधिकारबाट पनि वञ्चित हुनुपर्ने देखि लिएर परनिर्भर बनाइएको अवस्था छ । घरबाट निकाला, खान लगाउन गाह्रो, बस्नको समस्या, यौन हिंसा, वैवाहिक बलात्कार, दाइजो, प्रजनन्मा श्रीमान्को नियन्त्रण, कुटपिट, गाली-गलौज आदि घरेलु हिंसाबाट पीडित महिलाहरू विभिन्न कारणले सहेर बसेको अवस्था छ । २०६३ को ऐन बनेपछि वैवाहिक बलात्कारमा श्रीमान् विरुद्ध उजुरी दिने एक्कासी बढेपनि कानूनी खुकुलोपनाका कारण छिट्टै छुटेर आउने र श्रीमतीलाई तँ मेरै घरमा बस्ने मलाई नै उजुरी गर्ने भनेर दोहोरो हिंसाका सिकार बनाएकाले उजुरी पनि घटेको पाइन्छ । महिला अधिकारका विषयमा नेपालको संबिधान, २०७२ ले साँघुरो बाटो खोलिदिएको जस्तो देखिन्छ तर नागरिकताका विषयमा महिला प्रति विभेद कायमै रहेको पाइन्छ । महिलाका नामबाट छोरा छोरीलाई नागरिकता दिने कुरामा असमान व्यवहार कायम छ । एकल आमासँग बसोबास गरिरहेका बालबालिकाले नागरिकता प्राप्त गर्नका लागि यात बाबुको अनुमति लिनुपर्छ यात बाबुको

पहिचान नभएको भनी प्रमाणित गर्नुपर्छ । नयाँ संबिधान अनुसार जिल्ला प्रशासन कार्यालयमा नागरिकता लिन जाँदा अहिले दिन सकिँदैन पछि कानून बनेपछि दिउँला भनी फर्काएका घटनाहरू आइरहेका छन् । (ढुङ्गाना, २०७२)

नेपाली समाजमा प्रचलित उखान टुक्काहरू जस्तैः 'छोरीको जन्म हारेको कर्म', 'छोरा पाए खसी छोरी पाए फर्सी', 'ढिलै पाउनु छोरै पाउनु' जस्ता भनाईहरूमा महिलाको मानवीय मूल्य नरहेको भन्ने बुझिन्छ । नेपाली समाज छोराको चाहना राख्ने समाजका रुपमा परिचित छ । हुनत छोरा पाउने जैविक जिम्मेवारी पुरुषकै हो भन्ने तथ्य वैज्ञानिक रुपमा प्रमाणित भैसक्यो तरपनि छोरी मात्र जन्माउने आमाहरू छोरा पाउन नसक्ने महिला भनी घरेलु हिंसाको सिकार बनिरहेका छन् । (भद्रा, २०७०)

प्रस्तुत साहित्यको पुनरावलोकनबाट महिलामाथि हुने हरेक खालका विभेदको बारेमा जानकारी हासिल हुनुका साथै महिलामाथि धर्म, अशिक्षा, परनिर्भरता, कुरीति, कुसंस्कार आदिका कारण बढी मात्रामा हिंसा भएको पाइयो । महिलाका हरेक अधिकारहरू पुरुषको नियन्त्रणमा हुनु नै महिला शोषणको प्रमुख कारण भएको पाइयो । जबसम्म महिलाहरू शिक्षित हुँदैनन्, धर्मका नाममा चलाईएका गलत धारणा र परम्परालाई मेट्न सकिँदैन, महिलाहरू आत्मनिर्भर बन्दैनन् तबसम्म महिला विरुद्धका हिंसाहरू कायम रहने देखिन्छ ।

उपरोक्त साहित्यको पुनरावलोकनलाई मध्यनजर गर्दै यस अध्ययनमा सिर्सेकोट गा.वि.स. वडा नं. १ मा बसोबास गर्ने महिलाहरूका सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्थाको विषयमा गरिने यस अध्ययनले ठोस निचोड निकाल्ने हुनाले यो शोध कार्य ज्यादै आवश्यक, उपलब्धिमूलक र महत्वपूर्ण हुन जान्छ । यस क्षेत्रका महिलाहरूको वास्तविकता चित्रण गरी भविष्यमा महिला सम्बन्धी योजना निर्माण र कार्यान्वयनमा यो अध्ययन सहयोगी बन्न सक्नेछ । यस  सिर्सेकोट गा.वि.स. वडा नं. १ मा गरिएको अध्ययनले गर्दा भविष्यमा विभिन्न भौगोलिक क्षेत्रका महिलाहरूका बारेमा पनि अध्ययन र अनुसन्धान गर्न मद्दत मिल्ने छ । जसले गर्दा त्यहाँका महिलाहरूको समस्याहरू पहिचान गरी समाधानमा महत्वपूर्ण भूमिका खेल्ने छ ।

# अध्याय ३

## अनुसन्धान विधि

अनुसन्धानको मुख्य उद्देश्य स्थापित सिद्धान्तको बारेमा व्यवहारिक अवलोकनबाट वास्तविकता पत्ता लगाउनु हो । शोधकर्तालाई व्यवस्थित र क्रमबद्ध ढंगले संचालन गर्न विधिको आवश्यकता पर्दछ । अनुसन्धानमा विधि भन्नाले समस्या पहिचान गर्ने पूर्व सामग्रीको छनौट तथा त्यसको अनुसन्धानसँगको सम्बन्ध स्थापित गर्ने, स्थलगत कार्य गर्ने तथा प्रतिवेदन लेख्ने विधि तथा प्रकृयाको सामूहिक रुप हो । शोधपत्रको यस अध्ययनमा किन अनुसन्धानका लागि निश्चित क्षेत्रको वा समूहको छनौट गरियो ? कसरी शोधकार्य संचालन गरियो, सूचनाको श्रोत कहाँ, के र कुन साधनको प्रयोगबाट ती सूचनाहरू प्राप्त गर्न सकियो ? उत्तरदाताबाट प्राप्त जानकारीलाई कसरी व्यवस्थित तथा प्रस्तुति गरियो भन्ने रहेको छ ।

### ३.१. अध्ययन क्षेत्र छनौटको औचित्य

भू-बनौटको हिसाबले हेर्दा ८३% प्रतिशत भू-भाग पहाडले बनेको हाम्रो देशमा अधिकांश मानिसहरू ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । जहाँ मानिस जीवन जीउनको लागि आवश्यक पर्ने आधारभूत वस्तुहरू पर्याप्त पाएका हुँदैनन् । त्यसैले यो अध्ययन क्षेत्र नेपालको संविधान, २०७२ अनुसार प्रदेश नं. ५ अन्तर्गत पाल्पा जिल्लाको निस्दी गाउपालिका वडा नं.४ मित्तेल लाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको हो ।

यस गाउँपालिकामा बस्ने महिलाहरूको आर्थिक तथा सम्पतिमा स्वामित्वको अवस्थाको बारेमा कुनै पनि अध्ययन अनुसन्धान गरेको पाईंदैन । त्यसैले यस गाउँपालिका वडा नं. ४ मा बसोबास गर्ने सबै वर्ग र जातिका महिलाहरूको आर्थिक तथा सम्पतिमा स्वामित्वको अवस्थाको बारेमा अध्ययन गर्न महशुस गरिएको हुनाले यस क्षेत्रलाई छनौट गरिएको हो । यस अध्ययन क्षेत्रमा विभिन्न जातजातिका महिलाहरू बसोबास गर्दछन् । यिनै महिलाहरूको विविध पक्षको बारेमा जानकारी लिने उद्देश्यले यस क्षेत्रलाई छनौट गरिएको हो, साथै शोधकर्ता पनि यसै गाउँपालिका अन्तर्गतको व्यक्ति भएको हुनाले तथ्याङ्क संकलन गर्न सहज हुने, महिलाहरूको वास्तविक समस्या र उनीहरूले भोग्नुपरेको हिंसा पत्ता लगाउन केही मात्र भएपनि सहज हुन्छ भन्ने मनसायले यस क्षेत्रलाई छनौट गरिएको हो ।

### ३.१.१ पाल्पा जिल्लाको परिचय

हाम्रो देश नेपालको ५ विकास क्षेत्र, १४ अञ्चल, ७५ वटा जिल्लामध्ये विभिन्न मनोरम प्राकृतिक वातावरणले भरिपूर्ण महाभारत चुरे पर्वत श्रृङ्खलाको बीचमा पर्ने ऐतिहासिक, भौतिक, सामाजिक एवं पर्यटकिय क्षेत्रका दृष्टिले चर्चित स्थान मध्येको एक पाल्पा जिल्ला विश्व प्रसिद्ध लुम्बिनी र पर्यटकीय नगरी पोखराको बीचमा पर्ने सुन्दर रमणीय स्थान हो । नेपालको संविधान २०७२ अनुसार प्रदेश नं. ५ मा पर्ने यो जिल्ला समुद्री सतहबाट १५२ मीटर देखि १९३६ मीटर सम्म फैलिएको पूर्वमा तनहुँ जिल्ला, पश्चिममा गुल्मी र अर्घाखाँची जिल्ला, उत्तरमा स्याङजा र दक्षिणमा रुपन्देही जिल्लाले घेरेको पहाडी जिल्ला हो । १३६६ वर्ग कि.मि. भू-भाग ओगटेको यस जिल्लामा औसत अधिकतम तापक्रम ३२ डिग्री र औसत न्यूनतम तापक्रम ४ डिग्री रहन्छ । (जिल्ला विकास योजना ०६७-०६८, पाल्पा)

### ३.१.२. निस्दी गाउपालिका वडा नं.४ मित्तेल को परिचय

पाल्पा जिल्लाका २ नगरपालिका र ८ वटा गाउँपालिकाहरू मध्ये निस्दी गाउपालिका पनि आफ्नै महत्व र विशेषता बोकेको गाउपालिका हो । यस गा.वि.स. लाई पूर्वतिर र दक्षिणमा नवलपरासी जिल्लाको सिमाना श्रेत्र, पश्चिम तिर पुर्वखोला गाउँपालिका, उत्तर तर्फ रामपुर गाउँपालिकाको विचमा पर्दछ । ७ वडामा विभाजित यस गाउपालीकाको कुल क्षेत्रफल १२.८७ वर्ग कि.मि. रहेको छ । २०६८ को जनगणना अनुसार निस्दी गाउपालिका वडा नं.४ मित्तेल को कुल घर संख्या ७६२ र जनसंख्या ४४४६ जना रहेकामा जसमध्ये महिलाको संख्या २३४३ र पुरुषको २१०३ जना छन् । । खानेपानीको लागि धाराको अत्यधिक प्रयोग गरिने यस वडामा पुराना पहाडका मुहानको समेत प्रयोग गरिँदै आएको छ । मगरको अधिकतम वाहुल्यता रहेको र केही अन्य कामी, दमाई,सार्कीको बहुजातीय बसोबास रहेको यस गाउँपालिकामा हिन्दु धर्मालम्विहरु छन् । यहाँ अधिकतम मगर जातीको समुदाय भउकोले आ-आफ्नै मातृभाषा बोलेपनि प्रमुख भाषा नेपाली नै हो । हरेक जातजातिका आ-आफ्नै मूल्य, मान्यता, परम्परा र संस्कारहरू भएको यस र गाउपालिकामा जातीय सद्भाव कायम राख्दै एक आपसमा मित्रताको भावना उजागर गरेको पाइन्छ । शैक्षिक अवस्था कमजोर मानिएको यस गाउपालिकामा २ वटा उच्च मा.वि., ४ वटा मा.वि., ५ वटा नि.मा.वि. र ४ वटा प्रा.वि. रहेका छन् । क्याम्पस पढ्नको लागि पाल्पा जिल्लाको सदरमुकाम तानसेन नगरपालिकामा रहेको त्रिभुवन बहुमुखी क्याम्पसमा तथा निजि क्याम्पस

पाल्पा जानेको संख्या धेरै पाइन्छ । यस वस्तिको अधिकांश बासिन्दाको आयस्रोतको रुपमा कृषि नै प्रमुख पेशा हो । यहाँ गहुँ, मकै, कोदो, फापर, जौ, आलु, भटमास, तोरी, बोडी, मास, गहत, सिल्टुम लगायतका बालीहरू उत्पादन हुन्छन् । भैंसी, गाई, बाखा, बंगुर, सुँगुर, कुखुरा, हाँस यहाँ पालिँदै आएका पशुपंक्षीहरू हुन् । सुन्तला प्रशस्त पाइने यस गाउपालिका बाट नजिकका विभिन्न बजारमा निर्यात गरिन्छ ।

अदुवाको प्रबल सम्भावना रहेको यस गाउपालिकामा व्यवसायिक तरकारी खेती, भैंसीपालन, बाखापालन, कुखुरा पालन श्रेत्रमा लगानी गर्नेको संख्या क्रमशः बृद्धि हुँदै गएको पाइन्छ । कृषिका अलावा यहाँका बासिन्दाको पेशा नगन्य मात्रामा सरकारी सेवामा छ भने मगर समुदायबाट भारतीय आर्मीमा भर्नाहुनेहरूको संख्या पनि राम्रै छ । अहिले युवाहरूको ठुलै संख्या भारत, खाडी, मलेसिया लगायतका देशमा गएको पाइन्छ । स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाको रुपमा एकमात्र उप-स्वास्थ्य चौकी वडा नं. ४ मित्तेल छ । उक्त संस्थामा जाँच गराउन जान अधिकांश मानिसलाई भौगोलिक विकटताका कारण मुश्किल पर्नेहुँदा जिल्लाको सदरमकाम तानसेनमा रहेका जिल्ला जनस्वास्थ कार्यालय र विभिन्न निजि हस्पिटल क्लिनिक तथा मिसन हस्पिटलमा जाने गरेको पाइन्छ । रेडियो, टेलिभिजन, टेलिफोन लगायतका सञ्चारका साधनहरू प्रयोग गरी आधुनिक संसारबाट नजिक हुने यहाँका बासिन्दाहरूले कम्प्यूटर, इन्टरनेट समेत प्रयोग गरेको पाइन्छ । अधिकांश युवाहरू घरबाहिर रहेकाले घरधन्दा र खेतिपातीको सम्पूर्ण जिम्मेवारी महिलाको काँधमा देखिन्छ । पहाडी भिरालो जमिन अत्यधिक रहेकोले बारीमा सिंचाईको सुबिधा नभएकाले आकाशे पानीको भर पर्नुपर्ने अवस्था छ । आफ्नो जीवनको धेरै समय घरको काममा खर्च गर्ने भएपनि महिलाहरू आफ्नो बारेमा निर्णय गर्न डराउनु पर्ने अवस्था कायमै छ । सानै उमेरमा विवाह भएका कारण शिक्षाको क्षेत्रमा कमजोर हुनाले विभिन्न धार्मिक तथा परम्परागत रुपमा चलिआएका कुरीति र कुसंस्कारका सिकार बनिरहनु यहाँका महिलाको नियती जस्तै छ । घरायसी सम्पूर्ण काम सकेर विभिन्न महिला कार्यक्रमहरूमा सहभागी हुनेको संख्या क्रमशः बढ्दै गएकाले महिला शसक्तिकरणमा कछुवा गतिमा सुधार भएको पाउन सकिन्छ किनकी त्यस्ता कार्यक्रममा जानको लागि समेत घरमुली वा श्रीमान्को अनुमती विना जान सक्ने अवस्था सृजना हुन सकेको छैन । महिलाले आँफुले चाहे अनुसारको काम गर्न नपाउनु, प्रजनन् अधिकारमा नियन्त्रण हुनु, श्रीमान् वा घरमूलीको अधिनमा रही काम गर्नु यहाँका महिलाको

बाध्यता हो । घर भित्र र बाहिरका अनेक समस्यालाई झेल्दै भएपनि विभिन्न सामाजिक कार्यमा संलग्न हुने महिलाहरूको संख्या बढेको पाइन्छ ।

### ३.२. अनुसन्धान ढाँचा

यस अध्ययनका क्रममा वर्णनात्मक तथा अन्वेषणात्मक ढाँचाको अबलम्बन गरिएको छ । यसै क्रममा महिलाहरूले भोगेका समस्या साथै महिलाहरुको आर्थिक तथा सम्पतिमा स्वामित्वको अवस्था र हिंसा हुने कारणहरू खोजि सामान्य रुपमा वर्णन गरिएको छ, साथै महिलामाथि हुने गरेका घरेलु हिंसाका अवस्थालाई प्रस्ट्याउने प्रयास गरिएको छ ।

### ३.३. तथ्याङ्कका प्रकृति र स्रोत

यस अनुसन्धानको क्रममा गुणात्मक तथा मात्रात्मक तथ्याङ्कहरू संकलन गरिएको छ। अध्ययनको क्रममा प्राथमिक तथ्याङ्कको संकलन प्रत्यक्ष अन्तर्वार्ता र अवलोकनबाट लिइएको छ । द्वितीय तथ्याङ्क लिदा केन्द्रीय तथ्याङ्क विभाग, जि.स.स को कार्यालय, गाउपालिका, विद्यालय, स्थानीय संघसंस्थाको रेकर्ड तथा त्यस सम्बन्धी प्रकाशित भएका विभिन्न प्रकारका लेख, रचना, आदिबाट लिइएको छ ।

### ३.४. अध्ययनको समग्रता र नमुना छनौट विधि

एकातिर हाम्रो समाजमा हरेक किसिमका महिलाहरूले विभिन्न प्रकारका हिंसा, समस्याबाट पीडित भए पनि सहेर बस्ने परिपाटि समाजमा अहिले पनि यथावत छ भने अर्कोतिर विस्तारै कानूनी उपचारको निम्ति सम्बन्धित संघसंस्था वा निकायमा उजुरी गरी सहयोग लिने चेतना स्तर विकास हुँदै गएको छ । त्यसैले यस अध्ययनलाई ग्रामीण क्षेत्रमा बसोबास गर्ने महिलाहरूलाई लक्षित गरी अध्ययन क्षेत्र छनौट गरिएको हो ।

वि.सं. २०६८ को जनगणनामा यस गा.वि.स. को रेकर्ड अनुसार प्रदेश नं. ५ अन्तर्गत पर्ने पाल्पा जिल्लाको निस्दी गाउपालिका वडा नं.४ मित्तेल को कुल जनसंख्या ४४४६ जना रहेका छन् जसमध्ये महिलाको संख्या २३४३ र पुरुषको २१०३ जना रहेका छन् सम्पूर्ण महिलाहरूको अध्ययन गर्न गाह्रो हुने भएकोले समग्र अध्ययन क्षेत्रको प्रतिनिधित्व हुने विभिन्न क्षेत्रलाई समेटेर  सकंलन गरीएको छ ।

जसमा १६ वर्ष भन्दा मुनिका परिपक्व हुँदैनन्, जो बढी जसो विद्यार्थी भएको कारण घर व्यवहारमा संलग्न हुँदैनन्, त्यसैगरी ५५ वर्ष भन्दा माथिका महिलाहरू जो वृद्ध हुने भएकोले उनीहरू पनि सामान्यतया घर बच्चा हेर्ने काममा संलग्न हुन्छन्, त्यसकारण १६-५५ वर्ष सम्मका क्रियाशिल महिलाहरूलाई मात्र उत्तरदाताको रुपमा लिइएको छ । यस निस्दी गाउपालिका वडा नं.४ मित्तेल का जम्मा ७३२ घरधूरी मध्ये २५ घरधूरी छनौट गर्दा व्यवस्थित दैवी नमुना छनौट विधिबाट छनौट गरिएको छ । जसलाई निम्न सुत्र प्रयोग गरी विश्वसनिय बनाइएको छ । K = N/n, K =अन्तराल, N =समग्रता, n =नमूना, K = 732/२५, K = २९.२८ यसरी २९.२८ घरको अन्तरमा सर्वेक्षण गरिएको छ । यसरी व्यवस्थित दैवी नमुना छनौट अनुसार अनुसन्धानकर्ताले वडामा उपलब्ध घर संख्याको आधारमा एउटा घरमा सर्वेक्षण गरेर फेरी २ वटा घर छोडेर फेरी तेस्रो घरमा सर्वेक्षण गरी क्रमैसँग २५ गरी यो अध्ययन गरिएको हो । यस गाउपालिकामा ७३२ घरधुरी रहेको छ ।

### ३.५. तथ्याङ्क संकलनका विधि

प्रस्तुत अध्ययनको क्रममा तथ्याङ्क संकलन गर्दा निम्न विधि अपनाइएको छ ।

### ३.५.१. अन्तर्वार्ता अनुसूची

कुनैपनि अनुसन्धान गर्दा शोधकर्ताले यथार्थ तथ्य र सही जानकारी हासिल गर्नका लागि व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गर्नु आवश्यक हुन्छ । यस विधिमार्फत प्राथमिक तथ्याङ्क संकलन गर्दा छनौट भएका २५ घरमा गई १६ देखि ५५ वर्ष सम्मका प्रत्येक परिवारबाट १-१ जना महिला सदस्य सँग प्रत्यक्ष भेटी अन्तर्वार्ता लिइएको छ । यस अनुसन्धानलाई पुरा गर्नका लागि संरचित र असंरचित प्रश्नावली सोधी अन्तर्वार्ता लिइएको थियो ।

### ३.५.२. अवलोकन

अध्ययनका क्रममा छनौटका  महिलाहरूको तथ्याङ्क संकलन गर्नेक्रममा उत्तरदाताको घर परिवारमा स्पष्ट देखिने सूचनाहरू, पारिवारिक कृयाकलाप, लवाई खवाई, घरको बनावट, उत्तरदाताको व्यवहार, छोरीलाई गरिने व्यवहार, घरको शैक्षिक क्रियाकलाप, हाउभाउ, उत्तर दिने शैली, उत्तर दिँदा उत्तरदाताको अनुहार जस्ता कुराहरूको आधारमा उत्तरको सत्यता र

परिवारमा काम गर्ने शैली, पारिवारिक वातावरण, उत्तरदाताको मनोविज्ञान आदि कुराहरूको अवलोकन गरी सूचना एवं तथ्याङ्कहरू संकलन गरिएको थियो ।

## ३.६. तथ्याङ्क प्रस्तुति र विश्लेषण

तथ्याङ्क संकलनको क्रममा प्राथमिक र द्वितीय स्रोतको आधारमा संकलन गरिएका तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृति अनुसार वर्गीकरण गरिएको छ । यो अध्ययन कुनै सैद्धान्तिक रुपले हेर्ने भन्दा पनि महिलाहरूको समस्याहरूलाई बुझेर समस्याको कसरी समाधान गर्न सकिन्छ भन्ने बारेमा एक वर्णनात्मक अध्ययन भएको हुनाले वर्णनात्मक र व्याख्यात्मक रुपले गरिएको छ । यसरी वर्गीकरण गरिएका तथ्याङ्कहरूलाई तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्यहरूलाई आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण र वर्णन गरिएको छ भने संख्यात्मक तथ्यहरूलाई बोधगम्य तरिकाले तालिकीकरण गरी स्पष्ट पारिएको छ । यस क्रममा कुल तथा प्रतिशत आदिको माध्यमबाट सरल तरिकाले प्रस्ट्याउने प्रयास गरिएको छ ।

## ३.७. अध्ययनको सीमा

अहिलेको समयमा महिलाहरूको भूमिकामा धेरै परिवर्तन भएको पाइन्छ । हाम्रो समाज पितृसत्तात्मक पारिवारिक ढाँचामा आधारित भएको र महिलामाथि हुने गरेका हिंसाको क्षेत्र बृहत भएको कारणले गर्दा यस अध्ययनमा निम्न प्रकारका सिमितता रहेको छ ।

यस अध्ययनले सम्पूर्ण नेपाली महिलाहरूको आर्थिक अवस्थाको प्रतिनिधित्व गर्न सक्दैन । शोध कर्ताले अध्ययनको विषयभित्र परेको एउटा विषयको मात्र अध्ययन गर्नु पर्ने भएको हुँदा समयको सिमितताको कारणले गर्दा बृहत क्षेत्रलाई समेटेर अध्ययन गर्न सकिएको छैन । विद्यार्थी भएको कारणले गर्दा पनि यसमा लाग्ने आर्थिक हिसाबको कारणले सिमित क्षेत्रभित्र सबै महिलालाई अध्ययनमा समेट्न सकिएको छैन ।

# अध्याय ४

## सामाजिक अवस्था

नेपाली महिलाको सामाजिक सास्कृतिक अवस्था नाजुक रहेको छ । सामाजिक परम्पराले हरेक मानिसको जीवनशैली निर्धारण गर्दछ । उसको सामाजिक अवस्थालाई ऊ बसेको समाजको चालचलन, मूल्य, मान्यता, रीतिरिवाज, संस्कृति, परम्पराले प्रत्यक्ष प्रभाव पारेको हुन्छ। निस्दि गाउँपालिका वडा नं. ४ का महिलाहरूको सामाजिक अवस्थालाई उल्लेख गर्दा यहाँ बसोबास गर्ने ब्राह्मण, मगर, कामी जातिका महिलाहरूको उल्लेख गर्नुपर्छ । यहाँ धार्मिक दृष्टिकोणले हिन्दुहरूको बाहुल्यता रहेको छ । जाति अनुसारका रीतिरिवाज, मूल्य मान्यताहरू फरक-फरक रहेको पाइन्छ। अध्ययन गर्दा सम्पूर्ण जातजातिलाई समेट्नु उचित हुने भएकाले विभिन्न जातिका महिलाहरूलाई सहभागी गराई विभिन्न प्रश्नावली सोधी सर्वेक्षण गर्ने कार्य सम्पन्न गरिएको छ। सर्वेक्षणको क्रममा उत्तरदाता महिलाहरूबाट प्राप्त तथ्याङ्क तथा धारणालाई तालिकीकरण तथा अनुच्छेदमा प्रस्तुत गरेर विश्लेषण गरिएको छ। यसका साथै उत्तरदाताबाट प्राप्त संख्यात्मक जानकारीलाई प्रतिशतमा समेत प्रस्तुत गरी विश्लेषण गरिएको छ । उक्त अध्ययनमा समावेश गरिएका महिलाहरूको सामाजिक अवस्थालाई तलका विभिन्न शिर्षकमा चर्चा गर्ने प्रयास गरिएको छ।

### ४.१. उमेर

कुनै पनि अनुसन्धान कार्य गर्नका लागि छनौट गरिएको ठाउँमा बसोबास गर्ने उत्तरदाता महिलाहरूको उमेर थाहा हुनु जरुरी छ। यसले गर्दा नै विभिन्न कार्यहरूमा विभिन्नता ल्याई सोही उमेर अनुसार कामको समय, प्रकार, निर्णय गर्ने प्रक्रिया लगायतका विभिन्नतामा संलग्नता गराँउदछ । यो अध्ययनमा १६ वर्ष देखी ५५ वर्ष सम्मका महिलाहरूलाई मात्र समावेश गरिएको छ । स्थलगत सर्वेक्षणको उमेरगत तालिकाको विवरण तल प्रस्तुत गरिएको छ।

**तालिका १ उमेरको आधारमा उत्तरदाता महिलाहरूको वर्गीकरण**

| क.सं. | उमेर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १६-३० | ५ | २० |
| २. | ३१-४५ | ८ | ३२ |
| ३. | ४६-५५ | १२ | ४८ |
| | जम्मा | २५ | १०० |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरूलाई उमेर अनुसार ३ समूहमा विभाजन गरिएको छ । ४६-५५ वर्षको उमेरका उत्तरदाता महिलाहरूको समूह सबैभन्दा बढी ४८% रहेको छ, त्यसपछि ३१-४५ वर्षका महिलाहरूको समूह ३२% रहेको छ भने सबैभन्दा कम १६-३० वर्षका महिलाहरूको समूह २०% रहेको छ । ४६-५५ वर्षको उमेरका उत्तरदाता महिलाहरूको संख्या बढी हुनुले समाजमा महिलाको अवस्था कमजोर छ भन्न सकिन्छ किनभने पाका उमेरका महिलाहरू माथि बढी धार्मिक, सामाजिक तथा साँस्कृतिक शोषण भएको पाइन्छ ।

## ४.२. वैवाहिक स्थिति

विवाहले समाजलाई निरन्तरता दिन सामाजिक मूल्य र मान्यतालाई पूरा गर्नको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । विवाहले एउटी छोरीलाई बुहारी, भाउजु, आमा, श्रीमती तथा सासुको रुपमा परिणत गरी महिलाहरूको भूमिका र हैसियतमा परिवर्तन गराई उनीहरूको कर्तव्य र कार्यभार बढाउँदछ । यस अध्ययनमा अविवाहित महिलाहरूलाई समावेश गरिएको छैन । महिलाको विवाह अघि र पछिको भूमिकामा आमूल परिवर्तन भएको पाइन्छ । विवाह अघि पवित्रताको रुपमा पुजिने महिलामाथि विवाह पछि आफ्नो घरमा सबैलाई आदर र सम्मान मात्र होइन घरपरिवारका अन्य सदस्यको निर्देशनमा चल्नुपर्ने अवस्था सृजना हुन्छ । विवाह अघि भन्दा पछि महिला माथिका हिंसाहरू अप्रत्याशित रुपमा वृद्धि भएको पाउन सकिन्छ । त्यसैले यस अध्ययनमा विवाहित महिलाहरू मात्र समावेश छन् जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ उत्तरदाता महिलाहरूको वैवाहिक स्थिति**

| क्र.सं. | वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विवाहित (सधुवा) | २० | ८० |
| २. | विवाहित (विधवा) | ५ | २० |
| | जम्मा | २५ | १०० |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

प्रस्तुत माथिको तालिका अनुसार उत्तरदाता महिलाहरू मध्ये ८०% महिलाहरू विवाहित ( सधुवा) छन् भने २०% महिलाहरू विवाहित (विधवा) रहेका छन् ।

## ४.३. जातिगत विवरण

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने महिलाहरू विभिन्न जातिका छन् । यहाँ छनौटमा परेका २५ घरधुरीका महिलाहरूको मात्र अध्ययन गरिएकोले तिनीहरूको जातिगत विभाजनलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ३ उत्तरदाता महिलाहरूको जातिगत विवरण**

| क्र.सं. | जाति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ब्राह्मण | २ | ८ |
| २. | मगर | २० | ८० |
| ३. | कामी | ३ | १२ |
| | जम्मा | २५ | १०० |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

माथिको तालिका बाट स्पष्ट हुन्छ कि अध्ययनक्षेत्रका उत्तरदाता महिलाहरू मध्ये सबैभन्दा बढी जनसंख्या मगर महिलाको ८०% रहेको छ त्यसैगरी कामी जातिका महिलाहरूको संख्या १२% र सबैभन्दा कम ब्राह्मण जातिका महिलाहरूको संख्या ८% रहेको छ ।

### ४.४. उमेरको आधारमा जातिगत वैवाहिक स्थिति

हरेक महिलाहरूको अवस्थालाई तिनीहरूको कम वा बढी उमेरमा हुने विवाहले पनि उनीहरूको सामाजिक स्थितिलाई प्रभाव पारेको हुन्छ । यस गाउँपालिका वडा नं. ४ मा बसोबास गर्ने महिलाहरू मध्येमा ज्येष्ठ महिलाहरूले सानै उमेरमा विवाह गरेको पाइयो भने समयको गतिका साथसाथै विवाहको उमेर परिवर्तन भएको पाइयो । यसै अध्ययनको शिलसिलामा प्राप्त भएका उत्तरदाता महिलाहरूको उमेर अनुसार जातिगत वैवाहिक स्थितिलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४ उत्तरदाता महिलाहरूको उमेरको आधारमा जातिगत वैवाहिक स्थिति**

| क्र.सं. | जाति | उमेरवर्षमा | | | जम्मा |
|---|---|---|---|---|---|
| | | १०-१५ | १६-२० | २१-२५ | |
| १. | ब्राह्मण | | २ | ४ | ६ |
| २. | मगर | २ | ८ | १ | ११ |
| ३. | कामी | १ | ६ | १ | ८ |
| | जम्मा | ३ | १६ | ६ | २५ |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

माथि उल्लेखित तालिका अनुसार विभिन्न जातिहरूमा वैवाहिक उमेरलाई हेर्दा १६-२० वर्षको बीचमा विवाह गर्नेहरूको संख्या सबैभन्दा बढी १६ जना छन् भने १०-१५ वर्षको बीचमा विवाह गर्नेहरूको संख्या ३ जना छन् त्यसैगरी २१-२५ वर्षको बीचमा विवाह गर्नेहरूको संख्या ६ जना रहेका छन् । ब्राह्मण जातिमा १०-१५ वर्षको उमेरमा विवाह गर्नेको संख्या नभएको, १६-२० वर्षको उमेरमा विवाह गर्नेको संख्या २ र २१-२५ वर्षको उमेरमा विवाह गर्नेको संख्या ४ जना रहेको छ, त्यसैगरी मगर जातिमा १०-१५ वर्षको उमेरमा विवाह गर्नेको संख्या २ जना, १६-२० वर्षको उमेरमा विवाह गर्नेको संख्या ८ जना रहेको र २०-२५ वर्षको उमेरमा विवाह गर्नेको संख्या १ जना । कामी जातिमा १०-१५ वर्षको उमेरमा विवाह गर्नेको संख्या १ जना १६-२० वर्षको उमेरमा विवाह गर्नेको संख्या ६ र २१-२५ वर्षको उमेरमा विवाह गर्नेको संख्या १ जना रहेको छ । यस अध्ययनबाट २० वर्ष

भित्र विवाह गर्नेको संख्या अत्यधिक रहेको कुरा स्पष्ट हुन्छ जसले गर्दा महिलाको शिक्षा र स्वास्थ्यमा प्रत्यक्ष नकारात्मक असर पारेको छ ।

### ४.५. शैक्षिक स्थिति

समाजमा महिलाहरूको के कस्तो स्थिति रहेको छ, त्यो कुरा उनीहरूको शैक्षिक स्थितिले पनि देखाउँछ । साथै साक्षर महिलाहरू पुरुषहरूसँग कम दबिएर रहेका हुन्छन् भने निरक्षरहरू बढी मात्रामा शोषित हुन्छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा महिलाको साक्षरता दर ५७.४% रहेको छ । अध्ययनको शिलसिलामा धेरैजसो ज्येष्ठ महिलाहरूले छोरीलाई पढाउनु हुन्न भन्ने मान्यताले आफुले पढ्न नपाएको गुनासो गर्नुभएको थियो । अध्ययनको क्रममा लिइएको महिलाहरूको शैक्षिक स्थितिको प्रत्यक्ष स्थलगत सर्वेक्षणको विवरण तल उल्लेख गरिएको छ ।

**तालिका ५ उत्तरदाता महिलाहरूको शैक्षिक स्थिति**

| क्र.सं. | शिक्षा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | निरक्षर | १० | ४० |
| २. | साक्षर | ६ | २४ |
| ३. | एस.एल.सी. | ६ | २४ |
| ४. | प्रमाण-पत्र तह | २ | ८ |
| ५. | स्नातक वा सो भन्दा माथि | १ | ४ |
|  | जम्मा | २५ | १०० |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रमा उत्तरदाता महिलाहरू मध्ये ४०% महिलाहरू निरक्षर रहेका छन् भने ६०% महिलाहरू साक्षर छन् । वर्तमान समयमा सबैजसो परिवारका छोरा छोरीहरूलाई विद्यालय भर्ना गरिएको पाइन्छ तर छोरालाई नीजि र छोरीलाई सरकारी विद्यालयमा भर्ना गर्ने प्रवृत्ति हावी हुँदै गएको पाइन्छ । छोरीलाई संरक्षक विना एक्लै राखेर पढाउनु हुँदैन अनि सानै उमेरमा विवाह गरिदिनुपर्छ भन्ने मान्यताले गर्दा पढाई छाड्नुपर्ने अवस्था कायमै छ ।

## ४.६. परिवार नियोजन

सबल र सक्षम महिला हुनका लागि उनीहरूको स्वस्थताको आवश्यकता पर्दछ, जुन कुरालाई परिवार नियोजनका विभिन्न साधनहरूले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । सानो परिवार सुखी परिवार भन्ने नारालाई अँगाल्दै परिवार नियोजन सम्बन्धी जनचेतना फैलाउन खोजिए पनि ग्रामीण क्षेत्रका महिलाहरूमा प्रभावकारी रुपमा परिवार नियोजनका स्थायी र अस्थायी साधनका बारेमा बुझाउन नसकेको पाइन्छ । यस गाउँपालिका वडा नं. ४ का महिलाहरूलाई विगत केही समय यता उचित जनसंख्या नियन्त्रणको लागि स्थायी तथा अस्थायी रुपमा परिवार नियोजन गर्नका लागि प्रेरित गरिएको पाइन्छ, त्यसैले परिवार नियोजनका स्थायी साधन अपनाउनेको संख्या बिस्तारै बढ्दै गएतापनि अस्थायी साधन प्रयाग गर्नेको संख्या बढी रहेको छ परिवार नियोजन नगर्नुमा चेतनाको कमी तथा परिवार नियोजन सम्बन्धी धारणा राम्रो सँग नबुझेको र प्रजनन् अधिकारमा श्रीमान्को नियन्त्रण हुने भएकाले आफ्नो इच्छा अनुसार अगाडि बढ्न नपाएको पाइयो ।

## ४.७. घरेलु हिंसा सम्बन्धी विवरण

ग्रामीण महिलाहरूले सबैभन्दा बढी घरेलु हिंसा भोग्नुपरेको कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । सामाजिक मूल्य मान्यता, परम्परा, संस्कार, धर्म, अशिक्षा, परनिर्भरता, पितृसत्तात्मक सोंच आदिका कारण महिलाहरू घरेलु हिंसाको सिकार भइरहनु परेको छ । सामाजिक, आर्थिक तथा साँस्कृतिक रुपमा महिलाहरू पछाडि परेकै कारण घरेलु हिंसा बढी हुने गर्दछ । यस अध्ययनले घरेलु हिंसाको अवस्थालाई जान्ने क्रममा उत्तरदाताको घरमा घरेलु हिंसा हुन्छ की हुँदैन ? हुन्छ भने के कस्ता हिंसाहरू हुने गरेका छन् भनी प्रश्न सोधिएको थियो उक्त प्रश्नको उत्तरलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका ६ उत्तरदाता महिलाहरूको घरेलु हिंसा सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घरेलु हिंसा हुन्छ | १२ | ४८ |
| २. | घरेलु हिंसा हुँदैन | १३ | ५२ |
| | जम्मा | २५ | १०० |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रका कुल उत्तरदाता महिलाहरू मध्ये धेरैलाई घरेलु हिंसा भएको पाइयो जुन ४८% रहेको छ भने ५२% महिलाहरूलाई घरेलु हिंसा नभएको पाइन्छ । जुन परिवारमा श्रीमान् श्रीमती र छोरा छोरी मात्र बसोबास गर्दछन् त्यस्तो परिवारमा श्रीमान्को हिंसा केही मात्र भएतापनि अन्य सदस्यको हिंसा भोग्न नपरेको पाइयो भने सासु ससुरा सँग बसोबास गर्ने महिलाहरूलाई बढी घरेलु हिंसा भोग्न परेको बताउनुहुन्छ । श्रीमान् तथा परिवारका अन्य सदस्यहरूबाट हुने हिंसा मध्ये काममा जस नदिने, खानामा विभेद, झगडा, काममा विभेद, प्रजनन् अधिकारमा नियन्त्रण, श्रीमान्को कुटाई, असमान व्यवहार, श्रम शोषण, गाली गलौज, वैवाहिक बलात्कार, सम्पत्ति उपभोगमा नियन्त्रण जस्ता हिंसाहरू बढी मात्रामा भएको पाइन्छ । शिक्षित महिलाहरू घरेलु हिंसाबाट केही टाढा रहेको पाइयो भने अशिक्षित महिलाहरू प्रायः हिंसाका सिकार भएको पाइयो । उनीहरू आँफुमाथि भएका हिंसाका बारेमा बोल्न समेत डराउने गरेको पाइयो ।

## ४.८. पारिवारिक निर्णय प्रक्रियामा महिलाको भूमिका

चेतना शिक्षा लगायतका विविध सकारात्मक पक्षको कारणले गर्दा ग्रामीण समाजमा भन्दा शहरी समाजमा महिलाहरूको निर्णय प्रक्रियामा बढी सहभागिता देखिन्छ । ग्रामीण समाजमा अझैपनि अधिकांश परिवारमा महिलालाई निर्णय प्रक्रियामा सामेल गराएको पाइँदैन । महिला त्यसमा पनि बुहारीले त सासु ससुरा तथा श्रीमान्को निर्देशनमै काम गर्नुपर्ने अवस्था छ । यदि घरमा उच्च तहको पुरुष छैन भने स्वयं महिलाहरू नै निर्णय गर्ने गरेको पाइन्छ भने शिक्षित परिवार र एकल परिवारमा श्रीमान् र श्रीमतीको सल्लाह सहमतीमा विभिन्न खालका निर्णयहरू गरेको पाइन्छ । यस अध्ययनमा निस्दि गाउँपालिका वडा नं. ४ का विभिन्न जातजातिहरूका महिलाहरूको निर्णय प्रक्रियामा के कस्तो भूमिका छ भन्ने कुरालाई तलको तालिकाबाट प्रष्ट पार्न खोजिएको छ ।

**तालिका ७ पारिवारिक निर्णय प्रक्रियामा उत्तरदाता महिलाहरूको भूमिका**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | भूमिका हुन्छ | १५ | ६० |
| २. | भूमिका हुँदैन | १० | ४० |
| | जम्मा | २५ | १०० |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरू मध्ये पारिवारिक निर्णय प्रक्रियामा आफ्नो भूमिका हुन्छ भन्नेमा ६०% महिलाहरू हुनुहुन्छ भने भूमिका हुँदैन श्रीमान् तथा सासु ससुराले नै सबै निर्णय गर्नुहुन्छ भन्नेमा ४०% महिलाहरू हुनुहुन्छ । एकल महिला जो परिवारमा घरमूली छन् र अलग बसेका जसका श्रीमान् विदेशमा रहेका छन् त्यस्ता परिवारमा सबैभन्दा बढी निर्णय प्रक्रियामा भूमिका हुने महिलाहरू पाइयो भने घरमूली अरु भएको परिवारमा निर्णय प्रक्रियामा खासै भूमिका नहुने पाइयो । सासु-ससुरा भएको परिवारमा त उहाँहरूले गरेको निर्णयमा बोल्न समेत डराउनुपर्ने अवस्था कायमै छ भन्नुहुन्छ उत्तरदाता महिलाहरू । सामाजिक संस्कारले ब्राह्मण परिवारमा बढी नकारात्मक प्रभाव परेका कारण ब्राह्मण महिलाहरूको तुलनामा मगर तथा कामी जातिका महिलाहरू निर्णय प्रक्रियामा बढी सहभागी भएको पाइयो । यसले के देखाउँछ भने शिक्षाले मात्र पनि महिलाको अवस्था सुध्रन नसक्ने रहेछ, मगर र कामी महिलाको तुलनामा ब्राह्मण महिलाहरू बढी शिक्षित छन् तर निर्णय प्रक्रियामा ब्राह्मण महिलाकै अवस्था कमजोर छ त्यसैले पितृसत्तात्मक सोंचका कारण नै निर्णय प्रक्रियामा महिलाको अवस्था कमजोर भएकोले यस्तो सोंचलाई बदल्नु पर्ने देखिन्छ । जबसम्म निर्णय प्रक्रियामा महिलाको सहभागिता समान हुन सक्दैन तबसम्म महिला माथि हुने गरेका घरेलु हिंसामा कमी आउन सक्दैन ।

### ४.९. भाषागत विवरण

यस अध्ययन क्षेत्रमा मगर जातिको बाक्लो बस्ती भएका कारण प्रायः सबैजना मगर भाषा बोल्ने गरेको पाइन्छ । कुल उत्तरदाता महिलाहरूको मातृभाषा विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ८ उत्तरदाता महिलाहरूको भाषागत विवरण**

| क्र.सं. | भाषा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नेपाली | ५ | २० |
| २. | मगर | २० | ८० |
| | जम्मा | २५ | १०० |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रमा बसोबास गर्ने प्रायः सबै नेपाली भाषा बोल्ने गर्दछन् । ब्राह्मण र कामी जातिका महिलाहरू नेपाली भाषा मात्र बोलेको पाइयो । मगरहरू आफ्नो मातृभाषा मगर भाषा बोल्ने गर्दछन् तर पनि उनीहरूले नेपाली भाषा समेत प्रष्टसँग बोल्दछन् । उल्लेखित उत्तरदाताहरू मध्ये मातृभाषा नेपाली बोल्ने २०%  रहेका छन् भने मातृभाषा मगर भाषा बोल्ने ८०% रहेका छन् ।

# अध्याय ५

## साँस्कृतिक अवस्था

संस्कृति, समाज र मानिसका बीच घनिष्ठ सम्बन्ध रहेको हुन्छ । जब मानिस जन्मिन्छ अनि उसले त्यस समाजका मूल्य, मान्यता, परम्परा अनि संस्कृतिलाई आत्मसात गर्दै अगाडि बढ्दछ । काँचो माटोको रुपमा जन्मिएको मानिसलाई कुन बाटोमा अगाडि बढाउने भन्ने कुराको निर्धारण त्यस समाजमा चलि आएका विभिन्न संस्कृतिको आधारमा हुने गर्दछ । नेपालमा विभिन्न जातजातिहरूको बसोबास हुने भएकाले यहाँको संस्कृति पनि फरक-फरक रहेको छ । भौगोलिक विविधता तथा जातीय भिन्नताका कारण नेपालीहरूको जीवनशैली, रीतिरिवाज, परम्परा, मूल्य मान्यता सबैजसोमा भिन्नता पाउन सकिन्छ । हिमाली , पहाडी, तराई क्षेत्रमा बस्नेको मात्र होइन एउटै क्षेत्र, एउटै जिल्ला, एउटै गाउँ तथा टोलमा बस्ने समुदायको समेत आ-आफ्नै जाति अनुसारका संस्कृति पाउन सकिन्छ । फरक-फरक संस्कृति अँगाले पनि एक आपसमा मित्रताको भावना लिएर अगाडि बढ्नु नै नेपाली समाजको विशेषता हो । मगर, गुरुङ्ग, ब्राह्मण, कामी, दमाई, सार्की बसोबास गर्ने सिर्सेकोट गाउँ विकास समितिमा पनि आ-आफ्नै संस्कृति, परम्परा, मूल्य, मान्यता, रीतिरिवाज रहेका छन् । हिन्दु बाहुल्यता भएकाले केही संस्कारहरू एउटै जस्तो देखिएपनि  मनाउने तरिका तथा खानपिनमा भिन्नता पाइन्छ । अध्ययन क्षेत्र छनौट गरिएको निस्दि गाउँपालिका वडा नं. ४ मा बसोबास गर्ने ब्राह्मण, मगर र कामी सबैले आ-आफ्नै संस्कृति अनुसार जन्म देखि मृत्यु सम्मका संस्कार गर्दै आएको पाइन्छ । एउटै चाडपर्व पनि भिन्न-भिन्न शैलीमा मनाउने गरेको पाइन्छ । यस क्षेत्रका महिलाहरूको साँस्कृतिक अवस्थाको बारेमा अध्ययन गर्ने उद्देश्यले उत्तरदाता महिलाहरूलाई विभिन्न प्रश्नहरू सोधिएको थियो जसको उत्तरलाई विभिन्न तरिकाले तलका शिर्षकहरूमा वर्णन गरिएको छ ।

### ५.१. जातिगत विवाह

विवाहले महिला र पुरुषलाई एकबद्ध गराउनका साथै मानवीय आवश्यकता परिपूर्ति गर्न सहयोग गर्दछ । हाम्रो समाजमा रहेका विभिन्न जात जातिहरू चाहे शहरी समाजमा होस् चाहे ग्रामीण समाजमा बस्ने हुन् विवाह विभिन्न किसिमले आ-आफ्नै परम्परा अनुसार गर्दै आएको पाइन्छ । उत्तरदाता महिलाहरूको वैवाहिक स्थितिलाई तलको तालिकाबाट स्पष्ट पार्ने प्रयास गरिएको छ ।

**तालिका ९ उत्तरदाता महिलाहरूको जातिगत विवाहको विवरण**

| क.सं. | विवाह | ब्राह्मण | मगर | कामी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | मागी विवाह | १० | ८ | ४ | २२ | ८८ |
| २. | प्रेम विवाह | - | २ | १ | ३ | २२ |
| ३. | अदालती विवाह | - | - | - | - | - |
| | जम्मा | १० | १० | ५ | २५ | १०० |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

प्रस्तुत माथिको तालिका अनुसार सबैभन्दा बढी ८८% महिलाहरूले मागी विवाह गरेका छन् भने २२% महिलाहरूले प्रेम विवाह गरेका छन् । अदालती विवाह गर्ने महिलाहरू कुनै पनि नभएको पाइयो । यस अध्ययनबाट के कुरा प्रष्ट हुन्छ भने ग्रामीण समाजमा अझैपनि मागी विवाह नै गर्ने चलन पाइन्छ । उत्तरदाता महिला मध्ये धेरैको २० वर्ष भन्दा अगाडि अर्थात् सानै उमेरमा विवाह भएकोले प्रेम र अदालती विवाह नभएको पाइयो । छोरीलाई सानैमा दिन पाए विभिन्न बोझ र इज्जतबाट बँच्न सकिन्छ भन्ने पुरातनवादी संस्कृति हावि भएका कारण धेरैको मागि विवाह भएको पाइयो । पछिल्लो समयमा छोरीलाई पनि शिक्षाको अवसर दिंदै जानुले एकातिर उनीहरू आफ्नो जीवनसाथी आँफै खोज्न सक्षम भएको पाइन्छ । पछिल्लो पुस्तामा मागी विवाह भन्दा प्रेम विवाह गर्ने चलनमा वृद्धि हुँदै गएको पाइन्छ । ब्राह्मण समुदायमा अझैपनि छोरीलाई आफ्नै हिसाबले विवाह गर्नमा छुट दिएको पाईंदैन । विवाहले महिलाको जीवनशैलीमा धेरै परिवर्तन ल्याउने भएकाले इच्छा अनुसारको विवाह छनौट गर्न दिएमा अधिकांश घरेलु हिंसा कम हुने अनुमान लगाउन सकिन्छ ।

## ५.२. पोषाक सम्बन्धी विवरण

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिका महिलाहरूले आ-आफ्नै तरिकाको पोषाक लगाउने गर्दछन् । छनौटमा परेका उत्तरदाता महिलाहरूको पोषाक सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ ।

**तालिका १० उत्तरदाता महिलाहरूको पोषाक सम्बन्धी विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | साडी, ब्लाउज | १० | ४० |
| २. | कुर्था, सुरुवाल | ५ | २० |
| ३. | लुङ्गी, टिसर्ट, चोली | १० | ४० |
| | जम्मा | २५ | १०० |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

उल्लेखित माथिको तालिका अनुसार कुल उत्तरदाता महिलाहरूमध्ये साडी र ब्लाउज लगाउने १० जना अर्थात ४०% रहेका छन् भने लुङ्गी, चोली र टिशर्ट लगाउने महिलाहरू ४०% रहेका छन् । त्यसैगरी कुर्था, सुरवाल लगाउने महिलाहरू २०% रहेका छन् । ब्राह्मण महिलाहरूमा पाका उमेरका सबैले साडी, ब्लाउज, धोती लगाएको पाइन्छ भने केहीले कुर्था सुरवाल लगाउने गर्दछन् । त्यसैगरी ब्राह्मण महिलाहरूले गहनाको रुपमा चुरा, पोते, सुनकाबाला, झुम्का, चन्द्रमा, टप, तिलहरी, सिक्री, नौगडी, नेक्लेस लगाउँदछन् । मगर जातिका महिलाहरू मध्ये सबैजसोले लुङ्गी, टिसर्ट लगाउने गर्दछन् । यिनीहरूमा पनि पाका उमेरका महिलाले चोली र लुङ्गी लगाएको पाइन्छ भने अरुले लुङ्गी र टिशर्ट लगाएको पाइन्छ । चाड पर्व तथा विभिन्न खालका साँस्कृतिक कार्यक्रमहरूमा आफ्नै पहिचान बोकेको मगर पोषाक लगाएका हुन्छन् । जसमा चोली लुङ्गी, डोरी , नौगेडी र घलेक अनिवार्य रहेको हुन्छ । त्यसैगरी कामी जातिका महिलाहरू धेरै जसोले लुङ्गी टिशर्ट लगाएको पाइन्छ । गहनाको रुपमा सिक्री, बाला, तिलहरी, चन्द्रमा, टप लगाउँछन् । यसरी विभिन्न जातजातिहरूले आ-आफ्नै भेषभुषा लगाएको पाइन्छ ।

## ५.३. चाडपर्व तथा मनाउने तरिका

कुनै पनि समाजमा बस्ने मानिसहरूले विभिन्न चाडपर्वहरू मनाउँदै आएको पाइन्छ । जाति, समुदाय अनुसार चाडपर्वहरू मनाउने तरिकाहरू पनि फरक प्रकृतिका हुन्छन् । यस शोधपत्रको लागि छनौट गरिएको निस्दि गाउँपालिका वडा नं. ४ मा बसोबास गर्ने विभिन्न जातजातिहरूको पनि आ-आफ्नै धार्मिक तथा साँस्कृतिक मूल्य, मान्यता, रीतिरिवाज र परम्पराहरू छन् । सबैले आफ्नै आस्था र विश्वासको आधारमा चाडपर्वहरू मनाउँदै

आइरहेका छन् । उत्तरदाता महिलाहरूको लागि विभिन्न चाडपर्वहरूको बारेमा प्रश्न सोधिएको थियो । कुन-कुन चाडपर्व के कसरी मनाउनुहुन्छ भनी सोधिएको प्रश्नमा उनीहरूले वैशाखे संक्रान्ति, माघे संक्रान्ति, साउने संक्रान्ति, असारे पन्ध्र, जनैपूर्णिमा, तीज, दशैं, तिहार, रामनवमी, होलीपूर्णिमा, ऋषिपञ्चमी, कृष्ण अष्टमी, बालाचतुर्दशी, महाशिवरात्री तथा कूलपूजा आदि मनाउने गरेको पाइयो । वडा नं.४ मा बसोबास गर्ने मानिसहरूमा ब्राह्मण, मगर र कामीले मुख्य चाडको रुपमा दशैंलाई मान्दछन् र आँफुभन्दा ठुलासँग आशिर्वाद लिने, टीका लगाउने र सानोलाई टीका लगाई आशिर्वाद दिने गर्दछन् । मगर तथा कामी जातिले चाडपर्वको बेलामा जाड रक्सी पिउने तथा कोशेलीको रुपमा मासु र रक्सी लाने गरेको पाइन्छ । तर ब्राह्मण जातिमा दशैंमा आफन्तसँग भेटघाट भई रोटी मासु खाई टीका जमरा लगाउने गर्दछन् । यसले सबैलाई एक आपसमा मेलमिलाप गराउनका साथै आत्मीय भावनामा वृद्धि गराउनमा मद्दत गर्दछ । दोस्रो चाड तिहारमा दाजुभाईले दिदी तथा बहिनीहरूको हातबाट टीका ग्रहण गरी, उनीहरूलाई पनि टीका लगाई आँफुले सक्दो कोशेली दिने प्रचलन रहेको पाइन्छ । तिहारमा देउँसी र भैलो खेली रमाइलो गर्ने चलनले आपसमा अझ बढी भावनात्मक नाता गाँसिएको पाइन्छ । महिलाहरूको महान चाडको रुपमा लिइने हरितालिका तीजमा समूह-समूह बनाई नाच गान गर्ने श्रीमान्को दीर्घायु र सुस्वास्थ्यको लागि दिनभर वर्त बस्ने तथा अघिल्लो दिन दर खाने चलन पनि रहेको छ । ऋषिपञ्चमीको वर्त बसी सप्तऋषिको पूजा गर्नाले रजस्वला हुँदा महिलाहरूले अञ्जानमा गरेको पाप नास हुन्छ भन्ने मान्यतालाई निरन्तरता दिँदै ब्राह्मण र मगर जातिका महिलाहरूले सामूहिक पूजा गरेको पाइन्छ । हरितालिका तीजमा माइतीहरू लिन आई खुसीका साथ माइती घरमा जाने चलन परम्परा देखि चलिआएको पाइन्छ । धुमधामका साथ मनाउने चाड माघे संक्रान्ति पनि हो । यो चाडलाई ब्राह्मण समुदायले भन्दा मगर समुदायले बढी महत्वका साथ मनाएको पाइन्छ । यस दिन रोटी, बटुक, तरुल, खिचडी पकाई खाने चलन छ । मगर समुदायमा जाँड रक्सी खाने र सालैजो भाकामा गीत गाई नाच्ने गर्दछन् । उत्तरदाता महिलाहरूका अनुसार यस क्षेत्रका मानिसहरू माघे संक्रान्ति, बैशाखे संक्रान्ति, असारे ठूला एकादशी, कात्तिके ठूला एकादशीमा संसारको सबैभन्दा ठूलो शिला सेतिवेणी शिला तथा राम्दीघाटमा कालिगण्डकीमा स्नान गर्न जाने चलन रहेको बताउँछन् । यसरी सबै जातजातिका महिलाहरूले आ-आफ्नै प्रकारले सबै चाडपर्वहरू मनाउने गर्दछन् ।

### ५.४. संस्कार सम्बन्धी विवरण

कुनै पनि मानिस संस्कारबाट टाढा रहेको हुँदैन जन्म देखि मृत्यु सम्म त्यस समाजमा कस्ता संस्कारहरू चलिआएका छन् सोही अनुरुप ऊ अगाडि बढिरहेको हुन्छ । यस अध्ययन क्षेत्र निस्दि गाउँपालिका वडा नं. ४ मा बसोबास गर्ने मानिसहरूले पनि विभिन्न संस्कारहरू अँगाल्दै आइरहेका छन् । अनुसन्धानका क्रममा संस्कार सम्बन्धी अध्ययन गर्दा यहाँका विभिन्न जातजातिहरूका आ-आाफ्नै संस्कारहरू रहेको पाइयो र त्यसलाई अगाडि बढाउने तरिका पनि फरक-फरक रहेको पाइयो । उल्लेखित महिलाहरूमा ब्राह्मण जातिका महिलाहरूले न्वारन, पाश्नी, ब्रतबन्ध, विवाह, मृत्यु संस्कार गर्दछन् भने मगरहरूले न्वारन, छैंटी, विवाह, मृत्यु संस्कारहरू गर्दछन् । ब्राह्मण समुदायमा ११ दिनका दिन न्वारन गरिन्छ भने कामी तथा मगरहरूले ७ दिनका दिन न्वारन गर्ने चलन रहेको र जन्मेदेखि न्वारन नहुँदा सम्म सुत्केरा परेको भनी एउटै कूल भित्र अन्य शुभकार्य नगर्ने प्रचलन अझै पनि कायम रहेको छ ।। त्यसैगरी विवाह अन्तर्गत कामी तथा मगर जातिहरूमा मामा चेली र फुपुचेली बीच गरिन्छ भने ब्राह्मण समुदायमा नाता नलाग्ने ठाउँमा मात्र विवाह गर्ने प्रचलन रहेको पाइन्छ । प्रायः मगर तथा कामीहरूमा पहिले सामान्य प्रक्रिया द्धारा बेहुली भित्र्याइन्छ भने पछि धुमधामका साथ ढोगभेट फर्काउने चलन रहेको उत्तरदाता महिलाहरूले बताउँछन् तर ब्राह्मण समुदायमा एकैचोटी विवाह गर्ने चलन रहेको पाइयो । मृत्यु संस्कार अन्तर्गत हिन्दु संस्कृति अनुसार १३ दिन सम्म शोक मग्न हुँदै क्रिया बस्ने चलन छ भने १३ औं दिनका दिन आंशिक शुद्धिकार्य गरिन्छ । त्यसपछि एक वर्ष सम्म बार्ने चलन हुनुका साथै विभिन्न धार्मिक क्रियाकलापबाट टाढै रहनु पर्ने परम्परा कायम छ । आफ्ना पितृहरूको पिण्डदानका लागि हिन्दु परम्परा अनुसार वार्षिक रुपमा श्राद्ध गर्ने चलन समेत रहेको छ । मगर तथा कामी समुदायमा हरेक संस्कार गर्दा मासु र रक्सीको प्रयोग अनिवार्य हुन्छ भने ब्राह्मण समुदायमा त्यस्ता चिजहरू वर्जीत गरिएको हुन्छ । हिन्दु परम्परा अनुसार गरिने कतिपय संस्कारले समाजमा सकारात्मक प्रभाव पारेको पाइन्छ भने कतिपयले नकारात्मक प्रभाव पारेको पाईन्छ ।

# अध्याय ६

## महिलामा सम्पतिको स्वामित्व

महिला पुरुष विचका विभिन्न पक्षहरुमा समानता हुनु पर्दछ भनि वकालत गर्ने क्रममा सम्पतिको अधिकार पनि निकै भर्भा रहेको छ । महिला र पुरुष एक विना अर्काको अस्तित्व रहदैन तर मानव समाजको विकाश हुने क्रममा जव समाजमा मातृसत्ताको सिर्जना गरीदै आए । पितृसत्ताकोृ हावि हुदै गयो , निजि सम्पतिको उदय भयो तव महिलाहरुमाथि विभिन्न असमानताहरु सिर्जना गरीदै आए । सम्पतिमा अधिकार नहुदा महिलाको राजनिति तथा धार्मिक सस्थहरुमा पनि महिलाको कम सहभागिता छ ।

कृषि प्रधान देश नेपालको प्रमुख आर्थिक शक्ति महिला हुन भन्ने देखिन्छ । राटिय अर्थत्रन्त्रमा पछिल्लो समयमा गैर कृषि श्रेत्रको महत्व वढदै गएको छ । महिला र पुरुष दुवैका लागी रोजगारीको श्रेत्र फराकिलो हुदै गएको छ । सम्पतिमा न्युन पहुँच वजार सम्वन्धि न्युन सुचना शिक्षाको कमी घरायसी कामको वोझ आदिको कारण महिलाहरु पुरुष सरह वजारमा प्रतिस्पर्धा हुन नसक्दा पछिल्लो समयमा वढदौ गएको रोजगारीको अवसरमा महिलाको पहुँच प्रयाप्त छैन नेपाल सरकारले महिलाको प्रतिस्पधात्मक क्षमताको विकाश गर्ने उनिहरुलाई आर्थिक अधिकार उपभोग गर्न सक्ने वनाउन लिएको निति कानुनको कार्यन्यनका कारण पछिल्लो समयमा केही सकारात्मक प्रभाव पारेको देखिन्छ । परम्परागत रुपमा पुरुषको प्रभुत्तो रहेको पेशा व्यावसाय जस्तै होटल ट्किड एजेन्सी हिमाल आरोहण लगायत टेम्पो तथा वस चालक जस्ता पेशामा पनि महिलाको सहभागीता वढदो छ । घर जग्गामा महिलाको स्वामित्व वढाउन सरकारले लिएको नितिगत व्यवस्थाको कारण महिलाको नाममा घर जग्गा दर्ता हुने क्रम वढेको छ । राट्रिय जनगणना २०५८ मा घर जग्गामा स्वामित्व भएका महिलाको प्रतिशत ११.७ रहेकोमा हाल २६ प्रतिशत पुगेको छ । नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा रहेका प्रतिवद्धता वमोजिम महिलाहरुको आर्थिक सशक्तीकरण अर्थात आर्थिक रुपमा सो निरभर हुनका लागी देहाय वमोजिम कानुनी व्यवस्था गरेको छ ।

<u>आयकर ऐन २०५८</u>

<u>पारीश्रमिक आयमा छुट</u> : महिलाको पारीश्रमिक आयमा १० प्रतिशत छुट हुने व्यवस्था छ ।

आयकरमा छुट : महिला दलित वा अपागंता भएका व्याक्तिहरु मध्ये कम्तिमा ३३ प्रतिशत समेतलाई समावेश गरी १०० भन्दा वढि नेपालि नागरीक हरुलाई वर्ष भरी प्रत्यक्ष रोजगार दिने उद्योगलाई सो वर्षमा लाग्ने करमा द्दण प्रतिशत छुट हुने व्यवस्था छ ।

औद्योगिक निति २०६७

महिलाको नाममा उद्योग दर्ता गर्दा लाग्ने दर्ता दस्तुरमा ३५ प्रतिशत र औद्योगिक सम्पति पेटेन्ट डिजाईन र ट्रेडमार्क दर्ता गराउदा लाग्ने दस्तुरमा २० प्रतिशत छट दिईने व्यवस्था छ ।

महिला उद्यमशिलता विकाश कोष २०६९

महिलालाई उद्यमी वन्न प्रोत्साहन गर्न महिलाको नाममा उद्योग स्थापना गर्न सञ्चालन प्रर्वधन एवं प्रविधि विकाशमा सहयोग पुयाउन धितो कर्जा प्रवाह गर्न महिला उद्यमशिलता विकाश कोृष स्थापना भएको छ सो कोषमा एक आर्थिक वर्षमा ५ लाख सम्म ६ प्रतिशतको व्याज दरमा कर्जा प्रवाह हुने व्यवस्था छ ।

आर्थिक ऐन, २०७३

घर जग्गा रजिष्ट्रेशन दस्तुरमा छुट : जुनसुकै प्रकारवाट महिलाको नाममा स्वमित्व प्राप्त हुने गरी पारीत हुने लिखित रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत छुट हुने व्यवस्था छ । साथै हिमाली श्रेत्रमा तोकिएका स्थानको घर जग्गा रजिष्ट्रेशन दस्तुरमा ५० प्रतिशत छुट हुने छ । तर एकल महिलाको हकमा भने ३५ प्रतिशत छुटको व्यवस्था छ । साविकको घर जग्गाको स्वमित्व परीवर्तन गरी पति पत्नी दुवैको संयुक्त नाममा लिखित दर्ता गर्न चाहेमा सो लिखतमा जम्मा १०० रुपैया मात्र रजिष्ट्रेशन दस्तुर लाग्ने छ ।

सच्चिकै भन्नेहो भने आधा आकाश ढाकेका महिलाहरुले आफनो सम्पतिमा स्वमित्व तथा अधिकार लिने सन्दर्भमा अघि वढनु पर्दछ भन्ने कुराको प्रमाणित माथिको अध्यनवाट पुष्टी गर्दछ तसर्थ समष्टिगत रुपमा नेपालका महिलाहरुको सम्पतिमा स्वामित्वका आर्थिक अवस्थाको जानकारी लिनका लागि अध्ययन क्षेत्र छनौट गरिएको निस्दी गाउपालिका ४ मित्तेलका महिलाहरूले गरेको आर्थिक क्रियाकलापको प्रत्यक्ष प्रभाव समाजमा पर्ने भएकोले यहाँका महिलाहरुको सम्पतिमा स्वामित्वको  बारेमा बुझ्ने प्रयास गरिएको छ । यस अध्ययनको विषय वस्तुलाई तल उल्लेख गरिएको छ ।

## ६.१. भू-स्वामित्वको स्थिति

यस गाउपालिकामा बसोबास गर्ने महिलाहरूको मूख्य पेशा कृषि नै हो । यहाँ बसोबास गर्ने महिलाहरूको जीवनको धेरै समय जमिनमा नै खर्च भएको पाइन्छ । यहाँका बालीहरूमा मकै, कोदो, गहुँ, भटमास, फापर सुन्तला लगायत हुन् । वर्षमा मूख्यतया दुई बाली लगाइन्छ भने कतिपय बालीमा सिंचाईको सुबिधा नभएकोले एक बाली मात्र लगाइन्छ । यस गाउपालिकाको वडा नं. ४ का महिलाहरूको आफ्नै नाममा जग्गा अत्यन्त कम रहेको पाइन्छ । यहाँका उत्तरदाता महिलाहरूको भू-स्वामित्वको स्थितिलाई तल देखाईएको  छ ।

**तालिका ११ उत्तरदाता महिलाहरूको भू-स्वामित्व सम्बन्धी विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | आफ्नो नाममा छ | ४ | १६ |
| २. | आफ्नो नाममा छैन | २१ | ८४ |
| | जम्मा | २५ | १०० |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

माथिको तालिका अनुसार उत्तरदाता माहिलाहरू मध्ये आफ्नो नाममा जग्गा जमिन भएका महिलाहरू १६% रहेका छन् भने परिवार तथा श्रीमान्का नाममा जग्गा जमिन रहेका महिलाहरू अथवा आफ्नो नाममा नभएका ८४% महिलाहरू रहेका छन् । यहाँ कामी जातिको जग्गा जमिन केही मात्रामा भए पनि वर्षभरी खान नपुग्ने कारणले अरुको जग्गा जमिनमा खेती गरी गुजारा चलाएको पाइन्छ । महिलाको नाममा जग्गा जमिन नहुनेको संख्या अत्यधिक रहेकोले यहाँका महिलाहरू आर्थिक रुपले पछाडि परेको सहजै अनुमान लगाउन सकिन्छ । आर्थिक रुपमा पछाडि पर्नुले महिलाहरू अरुमा निर्भर रहेको र विभिन्न क्षेत्रमा पीडित हुन पुगेको पाइन्छ । केही महिलाको आफ्नो नाममा जग्गा रहेका भएपनि त्यो परिवारको इच्छाका कारण नभई श्रीमान्को मृत्यु पश्चात् पैतृक सम्पत्ति श्रीमतीको नाममा आउने तथा नयाँ किनिएको जग्गा महिलाको नाममा स्वामित्व हस्तान्तरण गर्दा राजस्वमा छुट पाइने कारणले गर्दा हो भन्न सकिन्छ । जे जस्तो कारणले भएपनि समयको गतिसँगै महिलाको नाममा जग्गा जमिन दर्ता गर्ने प्रक्रिया बढ्दै जानुलाई सकारात्मक रुपले हेर्न सकिन्छ ।

## ६.२. खाद्यान्न प्रयाप्तता

यस अध्ययनको शिलशिलामा महिलाहरूको सम्पतिमा स्वामित्वको आर्थिक स्थिति के कस्तो छ भनी जानकारी लिने क्रममा उत्तरदाता महिलाहरूको जग्गा जमिनमा के कति उत्पादन हुन्छ साथै उत्पादित बालीले वर्ष भरी खान पुग्छ की पुग्दैन भनी सोधिएको प्रश्नमा उत्तरदाता महिलाहरूबाट प्राप्त जानकारीलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका १२ उत्तरदाता महिलाहरूको खाद्यान्न प्रयाप्तताको विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | खान पुग्छ | ५ | २० |
| २. | खान पुग्दैन | २० | ८० |
|  | जम्मा | २५ | १०० |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

उल्लेखित तालिका अनुसार उत्तरदाता महिलाहरू मध्ये आफ्नो खेतीबाट कृषि उत्पादनले वर्ष भरी खान पुग्ने २०% महिलाहरू रहेका छन् भने आफ्नो जीवनको धेरै समय जमिनमा खर्च गरेतापनि वर्ष भरी खान नपुग्ने महिलाहरू ८०% रहेका छन् । वर्षभरी काम गर्दा समेत खान, लगाउन, तथा छोरा छोरीको शिक्षा दीक्षामा अभाव हुँदा महिलाहरू निकै दुख महसुस गरेको र आफनो सम्पतिमा स्वामित्वको अनुभुती लिन नसक्दा यहाका महिलाहरु पिछडिएको कुरा यो अध्ययनको क्रममा पाइयो ।

## ६.३. स्वइच्छा खर्च विवरण

यस अनुसन्धान क्षेत्रमा बसोबास गर्ने महिलाहरू मध्ये धेरै जसो महिलाहरू परुषहरुको दवावले गर्दा आफै आवस्यकता अनुसार कुनै पनि सामानको खरीद विक्री तथा आफ्नो इच्छा अनुसार खर्च गर्न पाएका छैनन् । उत्तरदाता महिलाहरू मध्ये नोकरीमा ६.६७% रहेकाहरूले पनि आँफुले कमाएको रकम स्वइच्छाले खर्च गर्न नपाएको बताउँछन् भने व्यापार व्यावसायमा लागेका महिलाहरूले भने खर्च गर्न पाउने गरेको पाइन्छ । यस अनुसन्धानमा  उत्तरदाता महिलाहरू मध्ये स्वइच्छाले खर्च गर्न पाउने, नपाउनेको विवरण तल उल्लेख गरिएको छ ।

**तालिका १३ उत्तरदाता महिलाहरूले स्वइच्छाले खर्च गर्ने विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | खर्च गर्न पाउँछु | ३ | १२ |
| २. | खर्च गर्न पाउँदिन | २२ | ८८ |
| | जम्मा | २५ | १०० |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

माथिको तालिका अनुसार कुल उत्तरदाता महिलाहरू मध्येमा स्वइच्छाले खर्च गर्न पाउने १२% रहेका छन् भने अरुको नियन्त्रण तथा आँफुलाई चाहिने आवश्यक बस्तुहरूमा पनि सोंच्नु पर्ने अथवा स्वइच्छाले खर्च गर्न नपाउने महिलाहरूको संख्या ८८% रहेको छ । अधिकांश महिलाहरू कृषिमा निर्भर भएपनि कृषि उत्पादनले धेरैलाई खान नपुगेका कारण बेच्न नपाउनु, अन्य आय-आर्जनका कममा संलग्न हुन नपाउनुले गर्दा आफ्नो हातमा पैसा नहुनु तथा परनिर्भरताले गर्दा आफ्नो इच्छा अनुसार खर्च गर्न नपाएको  गुनासो उत्तरदाता महिलाहरूबाट प्राप्त भएको छ ।

## ६.४. ऋण सम्बन्धी विवरण

यस गाउपालिकामा वडा नं. ४ का महिलाहरूको आर्थिक स्थिति कमजोर रहेको छ । यहाँ बसोबास गर्ने महिलाहरूको आर्थिक अवस्था कमजोर भएकाले दैनिक जीवनलाई अगाडि बढाउनका धेरै मुश्किल भएको पाइन्छ । खाद्यान्न, लत्ता कपडा, छोरा छोरीको शिक्षा आदिका लागि ऋण लिनै पर्ने बाध्यता छ । यस अध्ययन क्षेत्रका महिलाहरूले आफ्ना सिमित आवश्यकता परिपूर्ती गर्नका लागि के कसरी ऋण लिएका छन् सो को बारेमा तलको तालिकाबाट प्रष्ट पार्न खोजिएको छ ।

**तालिका १४ उत्तरदाता महिलाहरूको ऋण सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | व्यक्तिगत | १७ | ६८ |
| २. | बैङ्क | ८ | ३२ |
| | जम्मा | २५ | १०० |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

माथिको तालिका अनुसार यस क्षेत्रमा बसोबास गर्ने महिलाहरू पनि ऋणबाट मुक्त हुन सकेका छैनन् । कुल उत्तरदाता महिलाहरू मध्ये ६८% महिलाहरूले जीवन निर्वाह गर्नका लागि व्यक्तिबाट ऋण लिने गरेको पाइन्छ भने ३२% महिलाहरूले बैङ्कबाट ऋण लिने गरेको पाइन्छ । व्यापार व्यावसाय सञ्चालन गर्ने महिलाहरूले धेरै लगानी लाग्ने हुँदा बैङ्कबाट एकमुष्ट ऋण लिई मासिक किस्ताका हिसाबले तिर्दै आएको पाइन्छ । आय-आर्जनको काममा संलग्न हुन नपाएका महिलाहरू धेरैले व्यक्तिगत ऋण लिएको पाइन्छ । उनीहरूले आफ्नो दैनिक गुजारा तथा सामान्य कामका लागि समेत ऋण लिनुपर्ने बाध्यता रहेको बताए । आफ्नो कमाई नभएकाले लिएको ऋण तिर्न समयमा नसक्दा विभिन्न समस्याहरु आइपर्ने र घर खेत समेत बन्दकीमा राखेको पाइयो । जसले गर्दा महिलाले विभिन्न खालका हिंसाहरू भोग्नुपरेको पाइयो ।

## ६.५. पैतृक सम्पत्ति सम्बन्धी विवरण

यस अध्ययनका क्रममा छनौटमा परेका २५ जना महिलाहरूलाई छोरीलाई पैतृक सम्पत्ति दिनु राम्रो हो वा नराम्रो हो भनी प्रश्न गरिएको थियो जसको उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १५ पैतृक सम्पत्ति सम्बन्धी विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | छोरीलाई पैतृक सम्पत्ति दिनु राम्रो हो | २१ | ८४ |
| २. | छोरीलाई पैतृक सम्पत्ति दिनु राम्रो होइन | ४ | १६ |
| | जम्मा | २५ | १०० |

(श्रोतः स्थलगत सर्वेक्षण, २०७३)

माथिको तालिका अनुसार छनौटमा परेका २५ जना उत्तरदाता महिलाहरू मध्ये २१ जना अर्थात ८४% उत्तरदाताहरूले छोरीलाई पैतृक सम्पत्ति दिनु राम्रो हो, छोरीलाई सम्पत्ति दिइयो भने छोरीलाई सुख हुन्छ, सासु तथा लोग्नेले माया गर्दछन् साथै कतिपयले छोरीले आँफुखुशी खर्च गर्न पाउँछे र ऊ शक्तिशाली हुन्छे भन्ने धारणा लिएका छन् भने उसको हातमा सम्पत्ति छ भने उसले कसैको आस गर्नु पर्दैन भन्ने मान्यता रहेको पाइयो । त्यसैगरी छोरीलाई पैतृक सम्पत्ति दिनु राम्रो होइन भन्नेमा कुल उत्तरदाता महिलाहरू मध्ये ४ जना

अर्थात् १६% महिलाहरू रहेका छन् । छोरी अर्काको घरमा जाने भएकाले सम्पत्ति दिनु हुँदैन भन्ने गलत धारणा रहेका पाइयो । त्यसैगरी छोरीलाई पैतृक सम्पत्ति दिइयो भने उनीहरूले सम्पत्तिको संरक्षण गर्न सक्दैनन् र दाजुभाई सँगको सम्बन्ध नराम्रो हुन जान्छ भन्ने मान्यता रहेको पाइयो । छोरीलाई सम्पत्ति दिनु राम्रो हो भन्ने धारणा अत्यधिक पाइएतापनि समाजमा छोरा र छोरीलाई अंश लगाई पैतृक सम्पत्ति दिएको विरलै पाइन्छ । महिलाको धारणाले मात्र छोरीलाई सम्पत्ति दिन नसकिने हुँदा सर्वप्रथम त समाजमा रहेका छोरी प्रतिका नकारात्मक धारणालाई हटाउन जरुरी रहेको छ ।

# अध्याय ७

## सारांश र निष्कर्ष

### ७.१. सारांश

यस अध्ययनमा पाल्पा जिल्लाको निस्दी गाउँपालिका वडा नं. ४ का महिलाहरूको सम्पतिमा स्वामित्वको बारेमा अध्ययन गर्न खोज्नुका साथै त्यहाँका महिलाहरूको आर्थिक अवस्थााको वारेमा जानकारी लिइएको छ । यस गाउपालिकाको ९ वटा वडाहरू मध्येमा वडा नं. ४ लाई नमूना छनौटको रुपमा छनौट गरिएको छ । यस वडामा बसोबास गर्ने जातिहरूमा ब्राह्मण, मगर र कामी रहेका छन् । वडा नं. १ मा बसोबास गर्ने ७३२ घरपरिवार संख्या मध्येमा ३.४१% को मात्र प्रतिनिधित्व हुने गरी २५ घरका महिलाहरूलाई समावेश गरिएको छ । उल्लेखित घरधुरीका महिलाहरूमा जातजाति, शिक्षा, उमेर, पेशा लगायतका विविध पक्षको प्रतिनिधित्व हुनेगरी घर घरमा गई १६ वर्ष देखि ५५ वर्ष सम्मका महिलाहरू सँग प्रत्यक्ष सम्पर्क गरी तथ्याङ्क संकलन गरिएको छ । चैत्र महिनामा गरिएको स्थलगत सर्वेक्षणमा कतिपय उत्तरदाताहरूसँग दिउँसो भेट हुन गाह्रो भएकाले स ाँझको समयमा पनि अन्तर्वार्ता लिइएको थियो । यहाँ प्राथमिक तथ्याङ्कहरू अवलोकन र अन्तर्वार्ता विधि अपनाई प्रश्न सोधी तथ्याङ्कहरू संकलन गरिएको छ भने सहायक तथ्याङ्कहरूमा विभिन्न क्षेत्रबाट प्रकाशित लेख रचना, प्रतिवेदन र लेखकहरूद्धारा लेखिएका पुस्तकहरू, रेडियो, टेलिभिजनमा प्रसारित समाचारबाट संकलन गरिएको छ । यसरी प्राप्त तथ्याङ्कहरूलाई व्याख्या, विश्लेषण गरी तथ्यपरक बनाउने कोशिस गरिएको छ । समग्रमा महिलाहरूको अवस्थालाई वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

यस गाउपालिकामा कुल जनसंख्या २२६११ जना रहेका छन् । यस वडामा कुल जनसंख्या ४४४६ रहेकोमा महिला २३४३ र पुरुष २१०३ जना रहेका छन् । उत्तरदाता महिलाहरूलाई उमेरको हिसाबले विभाजन गरिएको छ, जसमा १६-३० वर्षका २६.६७%, ३१-४५ वर्षका ३३.३३% र ४६-५५ वर्षका ४०% रहेका छन् । धार्मिक दृष्टिले सबैजनाले हिन्दु धर्म मानेको पाइयो । उत्तरदाता महिलाहरूमा ९०% विवाहित (सधुवा) र १०% विवाहित (विधवा) छन् । उमेरका आधारमा गरिने विवाहका बारेमा विश्लेषण गर्नुपर्दा सबैभन्दा बढी उत्तरदाता महिलाहरू ६३.३३%, १६-२० वर्षको उमेरमा विवाह बन्धनमा बाँधिएको पाइयो भने २६.६७% ले १०-१५ वर्षको उमेरमा र न्यून संख्यामा १०% ले २१-२५ वर्षको उमेरमा विवाह गरेको

पाइयो । यहाँका सबै बासिन्दाहरूको एकआपसमा सहयोगी भावना देखिन्छ, जसको परिणाम स्वरुप उनीहरूले एकआपसमा सहयोग गरी काम गर्ने र लेनदेन गर्ने पनि गर्दछन् । मर्दापर्दा कृषि काममा सहयोगको आदानप्रदान गर्ने हुँदा छिमेकी-छिमेकी बीच एकआपसमा राम्रो सम्बन्ध रहेको छ ।

विभिन्न जातजातिहरूको विवाहको उल्लेख गर्नुपर्दा सबैभन्दा बढी मागी विवाह गर्ने ४५% र प्रेम विवाह गर्ने ५५% रहेका छन् । उल्लेखित उत्तरदाताहरूमा ब्राह्मण र कामी जातिमा मागी विवाह नै गर्ने प्रचलन रहेको छ भने मगर जातिमा प्रेम विवाह गर्ने चलन बढी रहेको छ । यस अध्ययन क्षेत्रमा मगरहरूको बाहुल्यता भएका कारण छनौटमा परेका महिलाहरूमा कुल महिलाहरू मध्येमा ८५% मगर र १५% अन्य जाति रहेका छन् । यहाँका महिलाहरू केही मात्रामा शिक्षित भएतापनि राम्रो शिक्षा हासिल गर्न नसकेको पाइन्छ । कुल उत्तरदाता महिलाहरू मध्ये ३३.३३% मा अझै पनि शिक्षाको पहुँच पुग्न सकेको छैन अर्थात् निरक्षर छन् भने ३०% साक्षर, २६.६७% ले मात्र एस.एल.सी. परीक्षा उत्तीर्ण गरेका छन् त्यसैगरी ६.६७% प्रमाण-पत्र तह साथै ३.३३% ले मात्र स्नातक तह उत्तीर्ण गरेको पाइन्छ । उपचारमा धेरैले झारफुक गरिसके पछि मात्र अस्पताल जान्छौं भन्ने पाइयो कम मात्रामा शिक्षित महिलाहरूले शुरुमै अस्पताल जान्छौं भन्नुहुन्छ ।

केही समययता परिवार नियोजनका प्रयोग कर्ताको संख्या बढ्दै गएको पाइन्छ । तर पनि कुल उत्तरदाता महिलाहरू मध्ये ४०% ले परिवार नियोजन नगरेको पाइयो जसमा वृद्ध तथा प्रौढहरू छन् भने स्थायी परिवार नियोजन गर्ने १६.६७% र अस्थायी परिवार नियोजनका साधन प्रयोग गर्ने ४३.३३% रहेका छन् । धुम्रपान र मद्यपानको स्थितिलाई हेर्दा धुम्रपान मात्र गर्ने ६.६७%, मद्यपान मात्र गर्ने ६.६७% र दुबै प्रयोग गर्नेको संख्या पनि ६.६७% रहेको पाइयो तर केही पनि प्रयोग नगर्नेहरूमा सबैभन्दा बढी ८०% रहेका छन् । यस क्षेत्रमा प्रायः सबैजसोको घर नजिकै धाराको खानेपानीको सेवा पुगेको छ भने केही मात्रामा पहाडको मुलको पानी पनि प्रयोग गरेको पाइन्छ । साथै सबैले चर्पीको प्रयोग गर्ने गरेका छन् । उत्तरदाता महिलाहरूमध्ये कम मात्रामा ३०% राजनीतिमा संलग्न छन् भने ७०% महिलाहरू राजनीतिबाट टाढै रहेका छन् । उत्तरदाता महिलाहरू मध्ये ५३.३३% लाई कुनै न कुनै प्रकारको हिंसा भएको पाइन्छ भने ४६.६७% लाई हिंसा नभएको पाइन्छ । उक्त हिंसा के कारणले भोग्नु भएको छ भन्ने प्रश्नमा कुल उत्तरदाता महिलाहरू मध्ये ४३.३३%

महिलाहरूले परनिर्भरताले, ३६.६७% महिलाहरूले अशिक्षाले, २०% महिलाहरूले धर्मको कारणले हिंसा भोग्नु परेको बताउँछन् । त्यसैगरी पारिवारिक निर्णय प्रक्रियामा कुल उत्तरदाता महिलाहरू मध्ये ६३.३३% को भूमिका रहन्छ भने ३६.६७% महिलाहरूको पारिवारिक निर्णय प्रक्रियामा भूमिका नरहेको पाइयो । मातृ भाषा अन्तर्गत १५% नेपाली बोल्दछन् भने ८५% ले मगर भाषा बोल्दछन् । महिलाहरूको आर्थिक पक्षलाई विश्लेषण गर्दा महिलाहरूको पेशागत विवरणलाई हेर्नुपर्दा नोकरी गर्ने ६.६७%, व्यापार गर्ने १६.६७%, ज्यालादारी गर्ने ३.३३% मात्र छन् भने सबैभन्दा बढी कृषि तथा घरधन्दामा ७३.३३% महिलाहरू संलग्न रहेका छन् । कृषि नै प्रमुख पेशा भएकाले अर्थोपार्जनको स्थिति कमजोर भएको पाइन्छ । महिलाहरूको भू-स्वामित्वको स्थितिलाई हेर्दा कुल उत्तरदाता महिलाहरू मध्ये १६% को मात्र आफ्नो नाममा जग्गा जमिन रहेको छ भने ८४% को आफ्नो नाममा जग्गा जमिन नरहेको पाइयो । वर्ष भरि काम गरेर खान पुग्नेको संख्या २०% छ भने खान नपुग्ने ८०% रहेको पाइन्छ । कुल उत्तरदाता महिलाहरू मध्ये स्वइच्छाले खर्च गर्न १२% ले पाएका छन् भने ८८% ले अरुको नियन्त्रणमा खर्च गर्नुपर्ने बाध्यता कायम रहेको छ । उत्तरदाता महिलाहरूको ऋण सम्बन्धी विवरणलाई हेर्दा उनीहरूले कुनै न कुनै कामको लागि धेरै थोरै भएपनि ऋण लिएको पाइन्छ, जसमा ६८% ले व्यक्तिबाट ऋण लिएका छन् भने ३२% ले बैंकबाट ऋण लिएको पाइन्छ । यो क्षेत्र पहाडी वातावरण भएको भिरालो भू-भागको संरचनाले गर्दा गाई, भैंसी र बाख्रा पाल्नेहरूको उल्लेख्य सहभागिता छ । सूचना तथा संचारको सन्दर्भमा प्रायः सबैको घरमा संचारका सुबिधा भएको पाइन्छ भने केही महिलाहरूको घरमा रेडियो मात्रै रहेको छ । पैतृक सम्पत्तिको बारेमा अध्ययन गर्दा छोरीलाई पैतृक सम्पत्ति दिनु राम्रो हो भन्नेमा ८४%, छोरीलाई पैतृक सम्पत्ति दिनु राम्रो होइन भन्नेमा १६% रहेका छन् ।

समग्रमा विगतको तुलनामा यहाँका महिलाहरूको सम्पतिमा स्वामित्वको वारेमा केहि जिज्ञासा वढेको स्थिति देखीएको छ तर अझै सुधारेर लैजानु पर्ने आवश्यकता देखिन्छ ।

### ७.२. निष्कर्ष

नेपालको कुल जनसंख्याको आधा भन्दा बढी जनसंख्या ओगटेका महिला वर्गको सामाजिक तथा आर्थिक स्थिति कमजोर नै छ । महिलाहरूलाई पुरुष सरह विचार अभिव्यक्तिमा पनि स्वतन्त्रता दिइएको छैन, पुरुषकै दमनमा बाँच्नु परेको छ । समयको माग र चेतनाको

वृद्धिका साथ-साथै अगाडि बड्दै गएका महिलाहरू महिला सम्बन्धी शसक्तिकरण र उत्थानसँग सम्बन्धित कार्यक्रम गर्दा र घर बाहिर हिंड्दा तथा अर्थोपार्जनको कार्य गर्दा पुरानो शैलीमा परिवर्तन आउँदा परिवारबाटै नराम्रो दृष्किोणले हेर्नु, उनीहरूको चाल चलनमा संकालु दृष्टिले हेर्नु जस्ता पारिवारिक बेमेल पनि श्रृजना भएको छ । घरायसी काम, अपर्याप्त र अपूरो शिक्षा, बालविवाह, बहुविवाह, अनमेल विवाह महिला प्रतिको हिन्दु संकुचित धारणाले गर्दा महिलाहरूको स्थितिलाई नाजुक बनाएको छ । वास्तवमा हिन्दु धर्म र यसले पुरुषहरूलाई पतिदेव को भावना भएको संस्कृति तथा चाड पर्वले यहाँका महिलाहरूलाई अझ कमजोर बनाएको छ । पुरुषहरूको कुरा काट्न नसक्नु, उचित ज्ञान हासिल गर्न नसक्नु, घरायसी काममा बढी ध्यान दिनु, समाजमा महिला र उनीहरूका योगदानलाई अंगिकार गर्न नसक्नु, राजनीतिक क्षेत्रमा प्रत्यक्ष लाग्न हिच्किचाउनु नै महिलाहरूका कमजोर पक्ष हुन् । तैपनि समयको गतिसँग अगाडि बढ्न नसकेता पनि विभिन्न महिला समूह खोल्ने, क्याम्पस पढ्दा-पढ्दै गरेकाले चाँडो विवाहलाई नरुचाउनु, विभिन्न लैङ्गिक चेतनामूलक काममा संलग्न हुनुलाई भने सकारात्मक रुपमा लिन सकिन्छ । धेरै जसो महिलाहरूले यहाँ घरायसी कार्य र कृषि कार्यमा ७३.३३% ले समय बिताउँछन् भने नगण्य मात्रामा ६.६७% महिलाहरूले मात्र नोकरी गर्ने गरेका छन् । यस अध्ययन क्षेत्रका महिलाहरूमा कामी तथा मगर जातिका महिलाहरूको अवस्था ब्राह्मणको तुलनामा केही राम्रो देखिन्छ । ब्राह्मण परिवारमा बढी शिक्षित महिलाहरू छन् तर व्यवहारमा बदल्न सकेका छैनन् । तर पहिलेको तुलनामा परिवर्तन भएको भने अवश्य छ । महिलाहरूको विकासका लागि महिला विकास कार्यक्रम, महिला साक्षरता कार्यक्रमहरू लागू गर्नाले उनीहरूको जीवन स्तरमा परिवर्तन आएको छ तर समग्र विकास हुनका लागि सबैको योगदानको आवश्यकता देखिन्छ किनकी आर्थिक पक्षमा न्यून पहुँच, कम भू-स्वामित्व, न्यून आय श्रोत र विलासी पक्षहरूमा बढी खर्च हुनाले यस क्षेत्रका महिलाहरूको स्थिति समय सापेक्षित तरिकाले अगाडि बढ्न सकेको छैन । जुन समग्र नेपालको वास्तविकता पनि हो ।

प्रस्तुत अध्ययनका क्रममा बाहिरी रुपमा छोरा र छोरीमा समानता छ भन्ने कुरा देखाएतापनि आन्तरिक रुपमा अभिभावकहरूको छोराको नै चाहना अर्थात् छोरालाई नै मान्यता दिने कुरा अन्तर्वार्ता तथा अवलोकन बाट नै देखियो । त्यसकारण महिला शिक्षा, महिला शसक्तिकरण कार्यक्रम, चेतनामूलक कार्यक्रम, उनीहरूको क्षमता अभिबृद्धि कार्यक्रम आदि मार्फत महिलाहरूलाई पनि समताको अवसर श्रृजना गरेर समानताको दौडमा अगाडि

बढाउनु नितान्त आवश्यक छ । महिलाहरू आत्मनिर्भर नभएसम्म, हरेक महिला शिक्षित नभएसम्म, धार्मिक कारणले श्रृजना गरेका विविध नकारात्मक पक्षलाई नहटाएसम्म, पितृसत्तात्मक गलत सोंचलाई जरै देखि नउखेलेसम्म, महिला र पुरुष दुबैलाई अधिकार र कर्तव्यको जानकारी नगराएसम्म महिलामाथि हुने गरेका घरेलु हिंसाहरू अन्त्य नहुने देखिन्छ त्यसैले सबैले सकारात्मकताको बाटोमा अगाडि बढ्नु नितान्त आवश्यक छ ।

## सन्दर्भसूची


राष्टिय जनगणना (२०६८), केन्दिय तथ्याकं विभाग थापाथलि काठमाण्डौ ।

शर्मा खुमनाथ (२०७०।०७१) जनसख्या अध्यन, गुडविल पव्लिकेशन प्रा.लि, वागवजार काठमाण्डौ ।

आचार्य, बलराम (२०७१), लैगिक र महिलावादी अध्यन, नेशनल वुक सेन्टर, भोटाहिटी काठमाण्डौ ।

नेपालको संविधान २०७२ ।

सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा, काठमाडौं अक्सफोड ईन्टरनेशनल : सनलाइट पब्लिकेसन ।

मिश्र, डा.मिरा, पोखरेल, डा. विन्दु (२०७०) लैंगिक अध्ययन, अक्सफोड ईन्टरनेशनल पब्लिकेशन प्रा.लि अनामनगर काठमाण्डौ ।

आचार्य, बलराम (२०६८), अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन, नेशनल वुक सेन्टर, भोटाहिटी काठमाण्डौ ।

शर्मा अजय (२०१५) साम्रज्यवाद र महिला मुक्ती अप्रकाशित लेख ।

कार्कि ,रुकु (२०७२ पुष ३०) कान्तिपुर,वर्ष २३, अंक ३२४, काठमाण्डौ ।

भद्रा डा. चन्द्रा (२०७०) लैंगिक अध्ययन, अक्सफोड ईन्टरनेशनल पब्लिकेशन प्रा.लि अनामनगर काठमाण्डौ ।

पराजुली करुणा (२०७२ माघ २०) कान्तिपुर, वर्ष २३ अकं काठमाण्डौ ।

अर्याल, भोजेन्द्र (२०६७), मानवशास्त्रमा शैदान्तिक दृष्टिकोणहरु : ज्ञानकुञ्ज प्रकाशन कीर्तिपुर काठमाण्डौ नेपाल ।

श्रेष्ठ,डा.केशव कुमार र आचार्य वलराम (२०६६) सामाजिक संस्था र पक्रियाको विष्लेषण,नेशनल वुक सेन्टर,भोटाहिटी, काठमाण्डौ ।

ढुङ्गाना, मिरा (२०७२) मसिंर १५ कान्तिपुर एफ एम ।

भद्रा डा. चन्द्रा (२०७०) लैंगिक अध्ययन, अक्सफोड ईन्टरनेशनल पब्लिकेशन प्रा.लि अनामनगर ।

२०७३ फाल्गुण, १०७ औ अन्तराष्टिय महिला दिवस, प्रकाशन महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय ।

Acharya Mina ( 1997 ) Status of women in Nepal: Nepal Parkashan 2nd world women co-ordinaters meeting (2015\03\10-17)

# प्रश्नावली

## अन्तर्वार्ता सुची

घरधुरी सर्भेक्षण फाराम

मितिः

उत्तरदाताको नाम :

उमेर :

पेशा :

परिवार संख्या :

लिङ्ग :

जाती :

वैवाहिक स्थिति :

१.पारिवारिक विवरण :

| क्रं.सं. | उत्तरदातासँगको सम्बन्ध | उमेर | लिङ्ग | पेशा | शिक्षा | आम्दानी |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |

२) तपाईंले आम्दानी हुने पेशा गर्नु भएको छ ।

क) छ　　　　　　　　　　ख) छैन

३) तपाईंको आम्दानीको मुख्य स्रोत के हो ?

क) व्यापार　　ख) नाकरी　　ग) कृषि　　घ) ज्यालादारी

४) तपाईंको नाममा जग्गा जमिन छ की छैन ?

क) छ　　　　　ख) छैन

५) तपाईंले दिनको कति घण्टा काम गर्नुहुन्छ ?

६)के तपाईंले घरायसि कामा पुरुषहरुले पनि सहयोग गर्नुहुन्छ ?

क) गर्नुहुन्छ　　　　ख) गर्नुहुन्न

७) खेतिपातिको काममा कसको सहयोगि बढी हुन्छ ?

८) आफ्नो शेषपछि आफ्नो पेवा कसलाई दिन चाहनुहुन्छ ?

(क) छोरा　　　(ख)छोरी　　　(ग)दुवैलाई

९) घर खर्च कस्ले चलाउँछ ?

(क) श्रीमान　　　　(ख) श्रीमती

१०) तपाईको कस्तो विवाह भएको हो ?

(क) मागी　　(ख) प्रेम　　　(ग) अदालती

११) तपाईको शैक्षिक स्तर कस्तो छ ?

(क)साक्षर　　　　(ख) निरक्षर

१२) के तपाईले कुनै संघसंस्थाको बैठकमा जाँदा श्रीमान वा घरमुलीको अनुमती　लिनुपर्छ ?

(क) पर्छ　　　　(ख) पर्दैन

१३) परिवारमा बढी हिंशा कुन सदस्यबाट हुने गरेको छ ?

(क) श्रीमान (ख) सासु (ग) ससुरा (घ) अन्य

१४) तपाईले किशोर अवस्थामा भोगेका हिंशा के थिए ?

(क) घरको काममा विभेद (ख) बलत्कार (ग) मानसिक यातना (घ) अन्य

१५) तपाईलाई शारीरिक रुपमा पिडित हुँदा कसले बचाउने गरेको छ ?

(क) समाज (ख) संघसंस्था (ग) नातेदार (घ) परिवारकै सदस्य (घ) अन्य

१६) महिला बिरुद्ध हुने हिंसाको सम्बन्धमा भएका कानुनी प्रावधानका बारेमा तपाईलाई कुनै जानकारी छ ?छ भने के के छ ?

(क)

(ख)

१७) तपाई मानसिक रुपमा पिडित हुँदा कस्को सहयोग लिनुभएको छ ?

(क) सरोकारवाला पक्ष (ख) आफन्त (ग) अन्य

१८) छोराछोरी पढाउने निर्णय कसले गर्छ ?

(क) श्रीमानले (ख) आफुले (ग) परिवारले

१९) तपाईको परिवारमा वार्षिक उत्पादनबाट खान पुग्छ ?

(क) पुग्छ (ख) पुग्दैन

२०) तपाईंले स्वइच्छाले खर्च गर्न पाउनुहुन्छ ?

क) पाउँछु ख) पाउँदिन

२१) तपाईंलाई आर्थिक आर्जन हुने काममा परिवारले रोक लगाएको छ ?

क) छ ख) छैन

२२) शिक्षामा छोरा छोरी प्रति तपाईंको धारणा कस्तो छ ?

क) समान शिक्षा ख) छोरालाई राम्रो ग) छोरीलाई राम्रो

२३) तपाईंले कति वर्षको उमेरमा विवाह गर्नु भएको थियो ?

..........................................................................

२३) तपाईंको विवाह स्वच्छिक थियो वा परिवारको दवावमा थियो ?

क) स्वच्छिक    ख) दवावमा

२४) तपाईंले पढ्न नपाउनुको कारण के हो ?

क) कम उमेरमा विवाह भएकोले   ख) छोरी प्रतिको विभेद  ग) गरिबी

२५) तपाईंले कुन कुन चाडपर्वहरु मनाउनुहुन्छ ?

..............................................................

२६) तपाईको मुख्य चाड कुन हो ?

.........................................................................

२७) तपाईको मातृभाषा कुन हो ?

............................................................................

२८) तपाईको परिवारमा कुन विवाह गर्ने चलन छ ?

........................................................................

२९) के तपाई भूतप्रेतमा विश्वास गर्नुहुन्छ ?

क) गर्छु        ख) गर्दिन

३०) तपाई विरामी हुनुभयो भने कहाँ जानुहुन्छ ?

क) अस्पताल    ख) बैद्य  ग) धामीझाँक्री

३१) तपाईले मुख्य चाड कसरी मनाउनुहुन्छ ?

.......................................................................

३२) तपाईले खानेपानी कहाँबाट ल्याउनुहुन्छ ?

क) कुवा  ख) धारा  ग) खोला

३३) तपाईले छोरा-छोरीमा कसलाई मान्यता दिनुहुन्छ ?

क) छोरा  ख) छोरी

३४) तपाईको जग्गाबाट कुन-कुन बाली उत्पादन गर्नुहुन्छ ?

..........................................................................

३५) तपाईले पाल्नुभएका पशुपंक्षीको विवरण भनिदिनुहुन्छ की ?

| क्र.सं | विवरण | संख्या |
|---|---|---|
| १. | भैंसी | |
| २. | गाई | |
| ३. | बाख्रा | |
| ४. | कुखुरा | |
| ५. | बँगुर | |

३६) के तपाईले परिवार नियोजन गर्नुभएको छ ?

क) छ  ख) छैन

३७) परिवार नियोजन गर्नुभएको छ भने कस्तो ?

क) स्थायी  ख) अस्थायी

३८) के तपाई धुम्रपान/ मद्यपान गर्नुहुन्छ ?

क) धुम्रपान  ख) मद्यपान  ग) दुबै गर्छु  घ) दुबै गर्दिन

३९) तपाईको घरमा संचारका साधनहरु के-के छन् ?

क) रेडियो  ख) टेलिभिजन  ग) टेलिफोन घ) इन्टरनेट

४०) के तपाई महिला विकास कार्यमा संलग्न हुनुहुन्छ ?

क) छु  ख) छैन

४१) तपाई आफ्नो पतिलाई के को रुपमा मान्नुहुन्छ ?

क) देवता  ख) जीवनसाथी  ग) अन्य

४२) छोरीलाई पैतृक सम्पत्ति दिनु राम्रो हो ?

क) राम्रो हो  ख) राम्रो होइन  ग) थाहा छैन

४३) छोरीले जागिर खानु राम्रो हो ?

क) राम्रो हो  ख) राम्रो होइन

४४) यदि परिवारमा छोरी छोरी जन्मिए भने छोराको लागी दबाव दिनुहुन्छ ?

क) दिन्छु  ख) दिन्न

४५) छोरा नजन्माउने दोष कसलाई दिनुहुन्छ ?

क) महिला  ख)पुरुष

४६) तपाईलाई पुरुषले कुन-कुन कामा सहयोग गर्नुहुन्छ ?

..................................................................................

४७) तपाई राजनीतिमा संलग्न हुनुहुन्छ ?

क) छु  ख) छैन  ग) मन पर्दैन

४८) तपाईको परिवारमा कुन-कुन संस्कार गरिन्छ ?

........................................................................................................................

........................................................................................................................

४९) घरायसी निर्णय प्रक्रियामा तपाईको सहभागिता हुन्छ ?

क) हुन्छ  ख) हुँदैन

५०) अन्तर्जातिय विवाह स्वीकार गर्नुहुन्छ ?

क) गर्छु   ख)गर्दिन

५१) के तपाई विकास निर्माणमा सहभागी हुनुहुन्छ ?

क) हुन्छु   ख) हुन्न

५२) तपाईले आफ्नो खर्चको लागि ऋण लिनुभएको छ ? छ भने कस्तो ?

क) व्यक्तिगत   ख)   बैंक

५३) तपाई पढ्न नपाउनुको कारण के हो ?

क) कम उमेरमा विवाह भएकोले ख) छोछोरी प्रतिको विभेद ग) गरिबी